का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १९, अंक २२२
❒ १० असोज २०७८, आइतबार
❒ 26 September 2021, Sunday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।




# शक्ति राष्ट्रहरुको चेपुवामा मुलुक

राजनीतिक विवादका कारण अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) अनुमोदन हुन नसकिरहेको बेला अर्को शक्ति राष्ट्र चीनले ग्लोबल डेभलप्मेन्ट इनिसिएटिभ (जीडीई) परियोजना अगाडि बढाएको छ ।

**विभा शर्मा/मध्यान्ह**
काठमाण्डौ ९ असोज






राजनीतिक सहमति जुट्न नसक्दा अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) अनुमोदन हुन सकेको छैन । यस्तो बेला फेरि अर्को महाशक्ति राष्ट्र चीनले ग्लोबल डेभलप्मेन्ट इनिसिएटिभ (जीडीई) को अवधारणा ल्याएको छ । चीनले यस अगाडि नै कार्यान्वयनमा ल्याएको पूर्वाधार विकास सम्बन्धी बेल्ट एन्ड रोड परियोजनाको पुरकका रुपमा ' जीडीई'लाई लिइएको छ ।

विश्लेषकहरु यसलाई अमेरिकाको एमसीसी परियोजनाको 'काउण्टर'को रुपमा चीनले अगाडि सारेको नीतिको रुपमा व्याख्या गरेका छन् । योसँगै नेपाल दुई महाशक्ति चीन र अमेरिकाको चेपुवामा पर्ने खतरा देखिएको छ । यद्धपी चीनले त्यो अवधारणा कुनै एक राष्ट्रलाई नभई विश्वकै आर्थिक पुनरुत्थानको लागि भएको दावी गरेको छ ।

संयुक्त राष्ट्र संघको महासभामा 'भर्चुअल' सम्बोधन गर्दै चिनियाँ राष्ट्रपति सी जिनपिङले कोरोना महामारीको कारण खुम्चिएको विश्व अर्थ व्यवस्था पुनरुत्थान गर्न अति आवश्यक रहेको भन्दै उक्त अवधारणा अगाडि सारेका थिए । त्यसअवसरमा राष्ट्रपति सीले 'ग्लोबल डेभलप्मेन्ट इनिसिएटिभ'ले विश्व अर्थतन्त्र उकास्नको लागि ६ वटा मुख्य प्राथमिकता तोकेको बताएका थिए । उनले बताएको प्राथमिकताको पहिलो क्षेत्रमा विकासलाई वृहत् नीति एजेन्डामा प्राथमिकतामा राख्ने, प्रमुख अर्थतन्त्रहरूबीच समन्वय गर्ने र नीतिगत निरन्तरता दिँदै राष्ट्रसंघले सन् २०३० सम्म निर्धारण गरेको दीगो विकासका मुद्दाहरूको कार्यान्वयनलाई गति दिनुपर्ने रहेको छ । दोस्रो बुँदामा जनजीविकाको सुरक्षा र सुधारमा जोड दिँदै विकासको लाभ सबै मानिसहरूसम्म पुग्नुपर्ने उल्लेख गरिएको छ ।

तेस्रो बुँदामा विकासशील देशहरूको विशेष आवश्यकतामा ध्यान दिनुपर्ने भएकाले ऋणको निलम्बन र विकास सहायता मार्फत् विशेष जोखिममा रहेका देशहरूमा रहेका असन्तुलित विकासलाई सम्बोधन गर्नुपर्ने उल्लेख छ ।

चौथो बुँदामा कोभिड पछिको युगमा विज्ञान र प्रविधिको अन्वेषणलाई नयां ढंगले अगाडि बढाउन विश्वव्यापी रुपमै अभियान सञ्चालन गर्नु पर्ने उल्लेख छ भने पाँचौ बुँदा जलवायु परिवर्तनबाट सृजना भएका समस्या समाधानमा केन्द्रित रहेको छ । छैटौं तथा अन्तिम बुँदामा विकासशील देशहरूलाई कोभिड १९ को प्रतिकार्य र आर्थिक तथा सामाजिक पुनरुत्थान लागि बेइजिङले आगामी ३ वर्षमा ३ अर्ब अमेरिकी डलर अन्तर्राष्ट्रिय सहयोग उपलब्ध गराउने जनाएको छ ।

'जीडीई'मा उल्लेखित ६ बुँदा मध्ये अन्तिम बुँदालाई प्रत्यक्ष रुपमा 'एमसिसीको काउण्टर'को रुपमा हेरिएको छ । किनकी त्यसमा पनि 'एमसिसी'मा जस्तै विकासशील देशहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने कुरालाई उठाइएको छ । त्यस बाहेक मानव र प्रकृतिबिचको सुमधुर सम्बन्धमा जोड दिएका चिनियाँ राष्ट्रपतिले सबैले विश्वव्यापी वातावरणीय सरोकारहरू र जलवायु परिवर्तनका मुद्दाहरूलाई सक्रियता पूर्वक सम्बोधन गर्नुपर्ने बताएका छन् । राष्ट्रपति सीले संयुक्त राष्ट्र संघमा 'जीडीई'को व्याख्या सहित विश्वभरका राष्ट्रहरुलाई त्यसमा जोडिन आह्वान गरेका थिए । लगत्तैदेखि चीनले नेपाल लगायत देशहरूमा त्यो अवधारणा कार्यान्वयनमा लैजाने गरि काम शुरु गरेको बताइएको छ ।

नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शुक्रबार आयोजित एक कार्यक्रममा अहिलेको विश्व अर्थतन्त्रको समस्या समाधान गर्न 'जीडीई' नै सबैभन्दा राम्रो प्रस्ताव भएको दावी गर्दै नेपाल जस्ता राष्ट्रहरुले त्यसबाट अधिकतम फाइदा लिन सक्ने दावी गरिन् । नेपालसँग सहअस्तित्व र पञ्चशीलको सिद्धान्तका आधारमा सम्बन्ध थप अघि बढाउन चाहेको बताउंदै जीडीई कार्यान्वयनमा आएपछि दुई देशको सम्बन्ध थप सुमधुर हुने दावी गरिन् ।

# दश बुँदेले 'नजोडिएको' एमाले !

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाललाई छोड्दै १० बुँदे सहमति गरी एमालेमै बसेका नेताहरुको फरक मत कायमै रहेको छ । स्थायी कमिटी र केन्द्रीय कमिटी बैठकले दृष्यले पनि १० बुँदे सहमतिले एमालेलाई अझै जोड्न नसकेको प्रष्ट पार्छ ।



**सन्दिप विक/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

नेकपा एमालेको केन्द्रीय कमिटी बैठक लम्बिएको छ । शुक्रबार र शनिबार सक्नेगरी केन्द्रीय कमिटी बैठक बोलाइएको थियो । तर छलफल लम्बिएपछि आइतबार पनि केन्द्रीय कमिटी बैठक बस्ने भएको छ । १५-१७ असोजमा हुने विधान महाधिवेशनमा पेश हुने राजनीतिक, संगठनात्मक र विधान संशोधन प्रतिवेदन तयार पार्न केन्द्रीय कमिटी बैठक राखिएको छ ।

तर प्रस्तुत प्रस्ताव मस्यौदामाथि छलफल लम्बिएकाले शनिबार बैठक सकिएन । अध्यक्ष केपी शर्मा ओलीले पेश गरेको राजनीतिक, महासचिव ईश्वर पोरखेलको संगठनात्मक र उपमहासचिव विष्णुप्रसाद पौडेलको विधान संशोधन प्रस्ताव मस्यौदा केन्द्रीय कमिटीबाट पारित गरेर विधान महाधिवेशनमा पेश हुँदैछ । अध्यक्ष ओलीले प्रतिवेदन मस्यौदा फास्ट ट्र्याकमा सक्नेगरी दुई दिने बैठक राखेका थिए । तर शुक्रबार बैठक शुरु भएपछि भने समूहगत छलफल गरेर केन्द्रीय कमिटीबाट अनुमोदन गराउनुपर्ने प्रस्ताव आयो ।

यसपछि भने प्रदेशगतका आधारमा दश समूह बन्यो । शनिबार दिनभर समूहगत छलफल भएको थियो । ललितपुरको च्यासलस्थित तुलसीलाल स्मृति भवनमा समूहगत छलफल शनिबार सकियो । आइतबार एघार बजे अर्को बैठक बोलाइएको छ । त्यो बैठकमा तीन वटा प्रस्ताव मस्यौदा माथि उठेको प्रश्नको जवाफ दिइने प्रमुख सचेतक विशाल भट्टराईले बताए ।

प्रचार विभाग प्रमुख योगेश भट्टराईले समूहगत छलफलमा नेताहरुले आगामी निर्वाचनमा एमालेलाई पहिलो दल बनाउनेगरी लाग्नुपर्ने सुझाव दिएका थिए । फागुनमा स्थानीय तहको चुनाव हुने, र त्यसको तयारीमा जुट्नेगरी लाग्नुपर्ने अधिकांश नेताहरुले सुझाव दिएका थिए । "स्थानीय तहको चुनावमा राम्रो परिणाम ल्याउनेगरी सक्रिय हुनुपर्छ । आगामी संघ र प्रदेश निर्वाचनमा एमालेले बहुमत ल्याउनेगरी सम्पूर्ण शक्ति एकताबद्ध हुनुपर्छ भन्ने सुझाव आएको छ", भट्टराईले भने ।

नेताहरुले पार्टीलाई समावेशी बनाउनतिर लाग्नुपर्ने पनि सुझाव दिएका छन् । विधान संशोधन प्रस्तावमा आएको जस्तो तीन उपाध्यक्ष नभएर सात उपाध्यक्ष बनाउनुपर्ने सुझाव नेताहरुले दिएका छन् । उपमहासचिव पौडेलले प्रस्तुत गरेको विधान संशोधन मस्यौदामा तीन उपाध्यक्ष,

बाँकी पृष्ठ २ मा

# कोरोना बीमामा अर्थमन्त्रीको झेल

**विर्सन श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ९ असोज ।

एघार अर्वभन्दा बढी कोरोना बीमाको भुक्तानी रोकेका अर्थमन्त्री जनार्दन शर्माले त्यसबारे प्रतिकृया दिन समेत मन्त्रालयका अधिकारीहरुलाई रोक लगाएका छन् । त्योसँगै अर्थमन्त्रालयका अधिकारीहरु अहिले संचारकर्मीलाई समेत प्रतिक्रिया दिन डराउन थालेका छन् । ' बोल्यो भने जागिरै जाला जस्तो भो, त्यसैले नबोलौं' मन्त्रालयका एक अधिकारीले मध्यान्ह दैनिकसँग भने ।

कोरोना महामारी शुरु भएपछि सरकारले प्रभावितहरुलाई राहत दिनको लागि भन्दै बीमा कम्पनीहरु मार्फत कोरोना बीमा शुरु गरेको थियो । त्यस बापतको भुक्तानी रकम सरकारले अनुदान स्वरुप उपलब्ध गराउने घोषणा गरिएको थियो । त्यही अनुसार, कोरोना पीडितहरुको बीमा गरेका बीमा कम्पनीहरुलाई अर्थमन्त्रालयले करिब एघार अर्ब रुपैयाँ भुक्तानी



गर्न बाँकी छ । हालसम्म १ लाख ३७ हजार ७५४ जनाको बीमा दावी परेको छ, ती मध्ये आधा भन्दा धेरैलाई भुक्तानी हुन बाँकी छ ।

अर्थ मन्त्रालयमा रकम निकासाका लागि बीमा समितिले पटक पटक औपचारिक रूपमै अनुरोध गरिसकेको छ । तर, मन्त्रालयले पत्रको कुनै जवाफ दिएको छैन । अर्थमन्त्री जनार्दन शर्माले यस विषयमा आफूहरुसँग कुरा गर्न समेत नचाहेको समितिका एक अधिकारीले जानकारी दिए । अर्थमन्त्रीसँग छलफल गर्न समेत नपाएपछि बीमा समिति नै अब के गर्ने भन्ने अन्योलमा परेको छ ।

बीमा कम्पनीहरूले भने सरकारले रकम निकासा नगरेसम्म आफूहरुले बीमितलाई थप रकम भुक्तानी गर्न नसक्ने स्पष्ट पारेका छन् । 'मापदण्डअनुसार बीमा कम्पनीहरूले तिर्नुपर्ने सबै रकम तिरिसके, अब सरकारले तिर्ने हो, जहिले निकासा हुन्छ, त्यसपछि मात्रै सर्वसाधारणलाई भुक्तानी हुन्छ', बीमक संघका एक पदाधिकारी भन्छन् ।

यस सन्दर्भमा छलफल गर्न संसदको अर्थसमितिले समेत अर्थ मन्त्रालयलाई पटक पटक बोलाइसकेको छ । एक महिनादेखि अर्थ समितिले मन्त्रालयलाई छलफलको लागि बोलाए पनि विभिन्न बाहना पारेर बैठक टार्ने गरेको समितिका सभापति कृष्णप्रसाद दाहालले जानकारी दिए ।

समितिमा आफू पनि नगइहेका अर्थमन्त्री शर्मा भने र मन्त्रालयका अरुलाई समेत जान रोकिरहेका छन् । समितिमा गएपछि रकम दिनु पर्ने दबावमा आफूहरु पर्ने भएकाले समितिको बैठकबाट समेत मन्त्री शर्मा भागिरहेको अर्थमन्त्रालयकै अधिकारीहरु बताउँछन् ।

# कामदारको परिवारलाई ३५ सयको स्वास्थ्य बीमा अनिवार्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज

वैदेशिक रोजगारीमा जाने कामदारका लागि थप तीन हजार पाँच सय रूपैयाँको दायित्व थपिने भएको छ । स्वास्थ्य बीमा बोर्डले वैदेशिक रोजगारमा जाने कामदारको परिवालाई स्वास्थ्य बीमाको दायरामा ल्याउने भएपछि कामदारमाथि उक्त दायित्व थपिने भएको हो ।

बोर्डले वैदेशिक रोजगारमा जाने कामदारको परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गराउने कार्यविधि २०७८ लागू गर्दै त्यस्ता परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने गृहकार्य गरिरहेको बताएको छ ।

बोर्डले आगामी मंसिरदेखि कार्यविधि लागू गर्ने तयारी गरिरहेको बोर्डका सूचना अधिकारी सोभित रिजालले मध्यान्ह दैनिकलाई जानकारी दिए । हाल वैदेशिक रोजगारीमा जाने कामदारहरूले उमेर अनुसार १८ देखि ६४ वर्षको म्यादी बीमा गराउँदै आएका छन् ।

स्वास्थ्य बीमा ऐन अनुसार नै बोर्डले कार्यविधि तयार पारेको भन्दै उनले वैदेशिक रोजगारमा जाने परिवारलाई अनिवार्य स्वास्थ्य बीमामा समेट्ने तयारी भएको बताए । त्यसका लागि रोजगारीमा जाने कामदारले तीन हजार पाँच सय रूपैयाँ प्रिमियम तिरेर परिवारको स्वास्थ्य बीमा गर्नुपर्नेछ । हाल काठमाडौं र ललितपुर बाहेक सबै जिल्लामा परिवार स्वास्थ्य बीमा लागू भएको छ । ललितपुर र काठमाडौं जिल्लामा पनि स्वास्थ्य बीमा शुरू गर्ने बोर्डले जनाएको छ ।

म्यादी बीमा गरी वैदेशिक रोजगारमा गएका कामदारको बीमा अवधिभित्र बीमितको मृत्यु भएमा दश लाख, दुर्घटनाको कारणबाट घटना भएको १८० दिनभित्र कुनै एउटा पूर्ण र स्थायी अंगभंग भएमा दुर्घटनाबाट लागेको चोटपटको औषधोपचार खर्च बापत बीमाकंको १० प्रतिशत नबढ्ने गरी वास्तविक औषधोपचार खर्च, बीमितको मृत्यु विदेशमा भएको अवस्थामा स्वदेशमा शव परिवहन गरिँदा लागेको ढुवानी खर्च बढीमा एक लाख, किरिया खर्च लगायतका सुविधा दिने गरिएको छ ।

स्वास्थ्य बीमा लागू भएपछि परिवारका अन्य सदस्यहरुको एक लाख रूपैयाँसम्मको स्वास्थ्य उपचार खर्चका लागि वैदेशिक रोजगारीमा जाने कामदारको भर पर्नु नपर्ने रिजालले बताए । हाल वैदेशिक रोजगार विभागसँग स्वास्थ बीमा कार्यक्रम कार्यान्वयन बारे छलफल भइरहेको भन्दै रिजालले स्वास्थ्य बीमा अनिवार्य हुने जानकारी दिए ।

## वैदेशिक रोजगार विशेष

### संघद्वारा भिजिट भिसाको खतराबारे संसदीय समितिको ध्यानाकर्षण

काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारको गोप्य उद्देश्य राखेर व्यापकरूपमा नेपाली कामदार खाडी मुलुक जाने गरेको भन्दै संसदीय समितिको ध्यानाकर्षण गराएको छ । प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको शुक्रबार बसेको बैठकमा संघका तृतीय उपाध्यक्ष किशोर केसी तथा सचिव मेघनाथ भुर्तेलले समितिको ध्यानाकर्षण गराएका हुन् ।

कोरोना भाइरस (कोभिड-१९) संक्रमण कम भएपछि भिजिट भिसामा गई उतै रोजगारी खोज्ने र रोजगारी नपाउँदा समस्यामा परेकाले सरकारले कडाइ गर्नुपर्ने आवश्यकता रहेको उपाध्यक्ष केसीले बताए । यूएईमा नेपाली बेरोजगार युवाहरु मानव तस्करहरुको प्रलोभनमा परी अलपत्र पर्ने गरेका छन् । भिजिट भिसामा गई स्वतन्त्रपूर्वक कम्पनी परिवर्तन गर्दै आकर्षक तलबमा

बाँकी पृष्ठ २ मा

# पानीको स्रोत जोगाउँदै काठमाडौं महानगर




काठमाडौं/मस-काठमाडौं महानगरपालिकाले पानीको स्रोत जोगाउन भूमिगत पानी पुनःभरण र आकासेपानी संकलन प्रणाली निर्माण थालेको छ ।

कामपाका प्रमुख विद्यासुन्दर शाक्यले शुक्रबार नन्दी स्कुलमा आकासेपानी संकलन तथा भूमिगत पानी पुनःभरण प्रणाली निर्माणको शिलान्यास गरेका छन् ।

कामपाका प्रमुख शाक्यले 'प्राणी जीवन र वातावरण दुवै क्षेत्रमा पानी नभई नहुने भएकाले सम्भावित जोखिमबाट बच्न कामपाले आकासेपानी संकलन र जमिन पुनःभरण प्रणाली निर्माण गर्न योजना बनाएर अगाडि बढाएको बताए ।

'अहिले डिप बोरिङ गरेर पानी निकाल्ने काम मात्र भएको छ । यसले जमिनमुनि पानीको सतह घट्यो । अब त्यो सतह बढाउने काम गर्नुपर्छ', कामपा-१ का अध्यक्ष भरतलाल श्रेष्ठले भने । उनले नन्दी स्कुलको जमिनबाट पानीभित्र पठाएपछि यस आसपासमा भएका ढुंगेधारामा पानीको बहाव बढ्ने अपेक्षा गरे ।

महानगरको वातावरण इन्जिनियर निशा कोइरालाले उक्त विद्यालयको २९७ वर्गमिटर जलाधार क्षेत्रबाट जम्मा भएको पानी ७५० लिटरको पोली ट्यांकी फ्लस डाइभर्टरमा पठाइने बताइन् । जलाधार क्षेत्रमा भएको धुलो, कसिङ्गर वा अन्य फोहरसहितको पानी यसमा भरिन्छ । त्यसपछिको सफा पानी ट्याङ्की हुँदै एक हजार लिटरको फिल्टर युनिटमा पुग्छ । रोडा र बालुवामा त्यहाँबाट छानिएको पानी भूमिगत ट्याङ्की खस्छ । पानी जम्मा गर्न ६ मिटर लम्बाइ, चार मिटर चौडाइ र १ दशमलव ८ मिटर उचाइ भएको ४१ हजार ७६० लिटर क्षमताको ट्याङ्की बनाइनेछ ।

उक्त पुनःभरण प्रणालीका विषयमा जानकारी थप्दै उनी भन्छिन्, 'ट्याङ्की भरिएर आएको पानीलाई ४८ इन्चको रिङमार्फत जमिनमुनि पठाइन्छ । यो रिङमा सानाठूला रोडा र बालुवाको तह बनाइएको हुन्छ ।' यो प्रणाली करिब रु ११ लाख २० हजारमा निर्माण हुन लागेको हो ।

कामपा वातावरण व्यवस्थापन विभागका प्रमुख हरिकुमार श्रेष्ठले वडा ५ कार्यालय परिसरमा पनि यस्तै प्रकारको प्रणाली जडान गर्ने योजना रहेको उल्लेख गर्दै यसअघि कामपाले ०७६ साल फागुन ६ गते वडा २६ को गोङ्गबु आवास क्षेत्रको डबलीमा नमूना पानी पुनःभरण प्रणाली शुरु गरेको जानकारी दिए ।

# बाढीपहिरोबाट विस्थापित परिवारलाई आवास निर्माणमा अनुदान

**नवीन लामिछाने/रासस**
मनाङ, ९ असोज



गत असार १ मा आएको बाढीपहिराका कारण विस्थापित भएको लाभग्राहीको व्यवस्थापन गर्ने भएको छ । निजी आवासमा क्षति पुगेर लामो समयसम्म विस्थापित भएका मनाङका बाढीपहिरा पीडितको व्यवस्थापन गरिने भएको बताइएको छ ।

पूर्ण तथा आंशिक क्षति भएका र अन्यत्र घरबास नभएका लाभग्राहीलाई अनुदान दिएर व्यवस्थापन गर्ने भएको विपद् व्यवस्थापन समिति एवं प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिए । विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि- २०७७ बमोजिम चामेका नौ घरपरिवारलाई अनुदान दिने भएको उनले बताए ।

सदरमुकाम चामेका बाढीपहिरो पीडित नौ जनालाई निजी आवास पुनर्निर्माणका लागि अनुदान दिने भएको हो । निजी आवासमा पूर्ण र आंशिक क्षति पुगेका बाढीपहिरा पीडितलाई पुनर्निर्माण तथा प्रवलीकरण गर्न अनुदान दिने निर्णय भएबमोजिम कागजातसहित आउन भनिएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताए ।

बाढीले पूर्ण क्षति पुगेका चामेका छ जना र आंशिक तीन जना गरी नौ जनाको निजी आवास पुनर्निर्माणका लागि अनुदान उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाडौं सिफारिस पठाइएको उनले बताए । उनका अनुसार बाढीपहिरा पीडित दुई जनालाई पुनःस्थापना गर्नुपर्ने रहेका छन् । पुनःस्थापना गर्नुपर्ने लाभग्राहीलाई पूर्ण क्षति भएको निजी आवास निर्माणका लागि पाँच लाख, जग्गाप्राप्तिका लागि तीन लाख र अस्थायी आवास निर्माणका निम्ति ५० हजार दिने निर्णय गरिएको अध्यक्ष घलेले बताए ।

पूर्ण क्षति भएका पाँच घरपरिवारलाई पाँच/पाँच लाख र अस्थायी आवास निर्माणका लागि ५० हजार गरी कूल रु पाँच लाख ५० हजार उपलब्ध गराउने निर्णय भएको उनले बताए ।

पूर्ण तथा आंशिक क्षति भएर नासो गाउँपालिकाका विस्थापित ७९ घरपरिवारलाई प्रवलीकरण, पुनर्निर्माण र पुनःस्थापनाका लाभग्राहीलाई छुट्टाछुट्टै वर्गीकरण गरी अनुदान व्यवस्थापन गर्ने निर्णय गरिएको अध्यक्ष घलेले जानकारी दिए । त्यस्तै बाढीपहिराले चामेको लोकप्रिय माविको विज्ञान प्रयोगशाला, भोजन कक्ष, कार्यालय कक्ष, तीन वटा कक्षाकोठा, छ वटा शिक्षक आवास तथा फर्निचर, विद्यालयको दक्षिणतर्फ १५० मिटर क्षेत्रमा तटबन्ध गर्नका लागि रु तीन करोड ३० लाख १८ हजार ७०८ लाग्ने अनुमानित लागत गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा मर्मत तथा निर्माणका लागि सिफारिस गरिएको छ ।

त्यसैगरी मर्स्याङ्दी नदीमा आएको बाढीले नासो-१ तालगाउँस्थित भानु माविको भवन पूर्ण क्षति र फर्निचर सबै बगाएको र नासो-५ प्रकाशज्योति माविमा क्षति पुऱ्याएको र पुनर्निर्माणका लागि प्रदेशको सामाजिक विकास मन्त्रालयमा सिफारिस गरिएको प्रजिअ लामिछानेले बताए ।

बेंसीशहर-चामे सडक खण्डअन्तर्गतको स्यार्दी भिरदेखि चामेसम्म ठेक्का परेको भागबाहेक दोहोरो भुक्तानी नहुने गरी बाँकी सडकमा ढलान गर्ने, पक्की पुल तथा बेलिब्रिज निर्माण गर्न डुम्रे-बेंसीशहर-चामे सडक आयोजना लमजुङलाई छिटो गर्न निर्देशन दिइएको उनले बताए ।

त्यस्तै चामे-खाङ्सारअन्तर्गतको स्वर्गद्वारीसम्मको सडकखण्ड मर्मतका लागि गण्डकी प्रदेश सरकारलाई अनुरोध गरिएकामा निर्माण थालनी नभएकाले छिटो गर्न सिफारिस गर्ने उनले बताए । सदरमुकाम चामेमा नदी कटानबाट मानवबस्ती भएको जोखिम र थप जोखिम न्यूनीकरण गर्नका लागि आवश्यक तटबन्ध निर्माण गर्न संघीय सरकार ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयमा सिफारिस गरिएको छ । जिल्लाका विपद् प्रभावित निजी आवास पुनर्निर्माण नियमावलीअनुसार अनुदान उपलब्ध गराउन कागजातसहित पठाइएको छ ।

त्यसैगरी जिल्लाका सम्पूर्ण निजी तथा सामुदायिक भौतिक संरचना निर्माणका लागि प्रदेश तथा संघीय सरकारलाई सिफारिस गरिएको छ । जिल्लाका स्वास्थ्य चौकी, इलाका प्रहरी चौकी, मनाङलाई केन्द्रीय प्रसारण लाइनसँग जोड्ने नासो गाउँपालिका-५ स्थित लमजुङ रादी जलविद्युत् आयोजनादेखि स्याक्यु सबस्टेशनको तत्काल मर्मतका लागि अनुरोध गरिएको छ ।

## दश...

एक महासचिव, दुई उपमहासचिव, सात सचिव हुने प्रस्ताव गरिएको छ । पार्टीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न पनि सुझाव दिइएको नेताहरुले बताएका छन् ।

सक्रिय राजनीतिमा ७० वर्ष उमेर हद कायमै राख्नुपर्ने समेत सुझाव आएको छ । बैठकमा समूहगत रुपमा टोली नेताले समूहको सुझाव प्रस्तुत गरेका थिए । त्यसबाहेक नेताहरुले अलग्गै पनि कुरा राखेका थिए । दश नेताले छुट्टै कुरा राखेका हुन् ।

समूहगत छलफल १० बुँदे सहमति गरी एमालेमै बसेका नेताहरु समेटिएको थिएन । प्रदेशका आधारमा बनाइएको समूहगत छलफलमा प्रदेश १ बाट हिक्मत कार्की, प्रदेश २ बाट रामचन्द्र मण्डल, बागमतीबाट आनन्द पोखरेल, गण्डकीबाट जगत विश्वकर्मा, लुम्बिनीबाट दलबहादुर राना, कर्णालीबाट यमलाल कँडेल, सूदुरपश्चिम प्रदेशबाट कर्ण थापा, उपत्यका विशेषबाट माधव ढुंगेल, जनसंगठनबाट खिमलाल भट्टराई र विभागबाट खगराज अधिकारी समूह नेता थिए । यी सबै नेताहरु अध्यक्ष ओली निकट हुन् ।

अर्थात् १० बुँदेले पनि बाँकी एमाले एकताबद्ध हुन सकेको छैन । शुक्रबारको बैठकले पनि त्यो पुष्टि हुन्छ । शुक्रबारको बैठकमा भीम रावल, भानुभक्त जोशी र झपड रावलले अपानि पनि बैठकको एजेण्डा बन्नुपर्ने अडान लिएका थिए । त्यसअघि ३ असोजको स्थायी कमिटी बैठकमा उपमहासचिव घनश्याम भूसालले फरक मत नै राखेका थिए ।

## संघद्वारा ...

काम गर्न पाइने भन्दै दलालहरुले भड्काएर प्रलोभनमा पार्ने गरेको विषय राखेको पनि उपाध्यक्ष केसीले बताए ।

भिजिट भिसाको तीन महिने अवधि सकिएपछि उनीहरु ओभरस्टे भएर समस्यामा पर्ने गरेका छन् । नेपालबाट हुने मानव तस्करी रोक्न भिजिट भिसामा विदेश जाने यात्रुहरुमाथि सोधखोज र अनुगमन गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमनका कर्मचारीललाई विशेष जिम्मेवारी दिइएको छ । तर त्यहाँ खटिएका कर्मचारीले अनुगमन र नियन्त्रणको बदला विगतदेखि नै मानव तस्करीको धन्दा गर्ने गिरोहसँग मिलेर भिजिट भिसामा पठाउने गरेको स्रोत बताउँछ ।

# गठबन्धन दलकै कारण मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेन: नेता सिंह

**काठमाडौं/मस**–सरकारको नेतृत्व गरिरहेको नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सत्तारूढ गठबन्धन दलकै कारण मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकेको बताएका छन् । काठमाडौंमा आयोजित पार्टीको कार्यक्रममा उनले प्रधानमन्त्री शेरबहादुर देउवाले छिटो मन्त्रिपरिषद्लाई पूर्णता दिनुपर्ने बताएका हुन् ।



'२५ सदस्यीय मन्त्रिपरिषद् बनाउनुपर्ने छ । त्यसले पूर्णता पाएको छैन। घटक पार्टीहरूको कारण, नयाँ पार्टी गठन भएकाले मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन' शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा सिंहले भने, 'उहाँहरूका अदालतमा मुद्दा छ । गठबन्धनका दलहरू आन्तरिक व्यवस्थापनमा व्यस्त हुँदा मन्त्रिपरिषद् विस्तारमा ढिलासुस्ती भएको हो । प्रधानमन्त्रीले सकेसम्म चाँडै मन्त्रिपरिषदलाई पूर्णता दिनुपऱ्यो ।'

नेपालमा लगानी गर्नेका लागि स्रोत नखोज्ने र सेनेटरी प्याडमा कर लगाउने सरकारको योजनामा पनि सिंहले प्रश्न उठाए । 'राजनीति भनेको सेवाको क्षेत्र हो, मेवा खाने क्षेत्र होइन' भन्दै नेता सिंहले अब पुराना नेताहरूलाई सम्मानपूर्वक पार्टीको नेतृत्वबाट बिदाइ गर्नुपर्ने बताए ।

'पुराना नेताहरूलाई सम्मानजनक रूपमा नेतृत्वबाट बाहिर पठाएर नयाँ नेताहरूले नेतृत्व लिएर जनतामा आशा जगाउनुपर्छ' उनले भने । राजनीति जनताको विश्वासमा चल्ने र त्यो कायम राख्नका लागि जनताको विश्वास गुमाइ सकेपछि नेतालाई बारम्बार पदमा पुऱ्याउने काम गर्न नहुने उनले बताए । पदमा पुगेर केही काम नगर्ने नेतालाई बिदा गर्नुपर्ने उनको भनाइ थियो ।

कांग्रेसको १४ औं महाधिवेशनको मिति पटकपटक सर्नुको कारण संगठन कब्जा गर्ने मनसाय रहेको पनि सिंहले आरोप लगाए ।

**बाँके डायरी**
**पवन जायसवाल/मध्यान्ह**

# मधेश मिडिया मिशन नेपाल बाँकेको अध्यक्षमा त्रिपाठी




बाँकेको नेपालगन्जमा मधेश मिडिया मिशन नेपाल बाँके जिल्ला कार्य समितिको जिल्ला भेलाद्वारा असोज चन्द्रेश्वरराज त्रिपाठीको अध्यक्षतामा नयाँ कार्य समितिको चयन गरिएको छ । मधेश मिडिया मिशन नेपालको बाँके जिल्ला शाखाको अध्यक्षमा चन्द्रेश्वरराज त्रिपाठी, उपाध्यक्षमा मनोजकुमार कौशल, सचिवमा सन्ध्या शर्मा र कोषाध्यक्षमा चन्दा सिंहलाई भेलाले सर्वसम्मत रुपमा चयन गरेको छ । यसरी सो समितिको सदस्यहरुमा समीर अली, शुभम शर्मा, आकाश गुप्ता, शकील अहमद राई र अशोक कुमार मौर्यलाई सर्वसम्मत रुपमा चयन गरिएको छ ।

नव गठित जिल्ला शाखा अध्यक्ष चन्द्रेश्वरराज त्रिपाठीले मधेश मिडिया मिशन नेपालद्वारा हालसम्म गरिएको कार्यहरुको सराहनी रहेको भन्दै अगामी दिनहरुमा अवधी भाषी पत्रकार मित्रहरुको बृहत विकासका लागी कार्य गर्ने प्रतिबद्धता जनाएका छन् ।

मधेश मिडिया मिशन नेपालका अध्यक्ष चन्द्रशेखर पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिन प्रदेश सदस्य मोहम्मद आरीफ अन्सारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको जिल्ला भेलामा विशिष्ठ अतिथि कशौधन वैश्य समाजका अध्यक्ष नन्दलाल वैश्य, अवधी साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष विष्णुलाल कुम्हार लगायतले अगामी नेतृत्वको सफलताको शुभकामनाका साथै अवध क्षेत्रको मातृभाषा अवधि भाषीको पहिचान जोगाउन पहल गर्नुपर्नेमा जोड दिएका छन् । भेलाद्वारा जिल्ला सल्लाहकारमा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश सदस्य मोहम्मद आरीफ अन्सारी, अवधी साँस्कृतिक प्रतिष्ठान बाँकेका अध्यक्ष बिष्णुलाल कुम्हार, कसौधन वैश्य समाजका अध्यक्ष नन्दलाल वैश्य, प्रेस स्वतन्त्रता सेनानी स्व. श्रीरामगोपाल वैश्य स्मृति प्रतिष्ठानका उपाध्यक्ष अजयकुमार गुप्तालाई पनि चयन गरिएको छ । सो भेलाको सञ्चालन सन्ध्या शर्माले गरेकी थिइन् ।

# हिरमिनियामा निःशुल्क कान शिविर



डुडुवा गाउँपालिकाको हिरमिनियामा निःशुल्क कान शिविर सम्पन्न भएको छ । शनिबार आयोजित उक्त शिविर एसओएस युवालय नेपालगन्जको मुख्य संयोजनमा भएको हो ।

एसओएस युवालय नेपालगन्जमा आवद्ध रहेका एसओएस युवा क्लब नेपालगन्ज, लियो क्लब अफ नेपालगन्ज सेन्ट्रल, तथा लायन्स क्लब अफ नेपालगन्ज सेन्ट्रलको संयुक्त आयोजना र बी.एन. सामुदायिक कान उपचार सेवा सिद्धार्थ अस्पताल नेपालगन्जको प्राविधिक सहयोगमा सम्पन्न शिविरमा डुडुवा गाउँपालिका - ६ हिरमिनियाको विभिन्न ठाउँका महिला पुरुष गरी १ सय ५३ जनाले सेवा लिएका छन् ।

कानको स्वास्थ्य परीक्षणमा ८० पुरुष तथा ७३ महिलाको ३४ जना कान पाक्ने रोग, ३९ जनामा काने गुजी भरिएको, ११ जना कान कम सुन्ने समस्या रहेको पत्ता लागेको थियो । ३४ जना कान समस्या भएको मध्ये निम्नआय भएका १३ जनालाई सिद्धार्थ अस्पताल गणेशमान चोकस्थित बि.न. सामुदायिक कान उपचार सेवाले सहुलियत दरमा शल्यक्रिया गर्ने संस्थाका प्रबन्ध संचालक रामबहादुर बुढाले जानकारी गराए । शिविरमा कानका विरामीहरुलाई निःशुल्क औषधी समेत वितरण गरिएको थियो । उक्त शिविरमा कान चिकित्सक राम बहादुर बोहरा, सिएमए यमुना बुढाथोकी, स्टाफ नर्स स्मारिका श्रेष्ठ लगायतले शिविरमा सहयोग गरेको एसओएस युवालय नेपालगन्जका नायब निर्देशक तुलाराम विश्वासले बताए ।

# व्यापारी हत्या प्रकरणमा चार जना सार्वजनिक



**बैतडी/मस–** बैतडीको सुर्नया गाउँपालिका-४ सन्सेरीमाडौंका व्यापारी ५६ वर्षीय कमलसिंह महराको हत्यामा संलग्न चार जनालाई प्रहरीले सार्वजनिक गरेको छ । सुर्नया गाउँपालिका-५ का रामबहादुर मडै तथा वडा नम्बर ४ का शंकरसिंह महरा, हरिशसिंह महरा र रामबहादुर महरालाई प्रहरीले सार्वजनिक गरेको हो । यसअघि बिहीबार प्रहरीले सात जनालाई नियन्त्रणमा लिएको थियो ।

हत्यामा तीन जनाको संलग्नता नदेखिएपछि उनीहरुलाई छाडिएको प्रहरी प्रवक्ता एवं प्रहरी निरीक्षक बोधराज ओझाले बताए ।

सुर्नया गाउँपालिका-४ को लेकडाँडा घर भई स्थानीय सन्सेरीमाडौंमा मासु पसल सञ्चालन गर्दै आएका कमलसिंह महरा बिहीबार बिहान सन्सेरीमाडौंमा मृत फेला परेका थिए । उनको टाउको, छाती र शरीरका अन्य भागमा चोट रहेकाले हत्या गरेको आशंकामा प्रहरीले खोजी शुरु गरेको थियो ।

अनुसन्धानका लागि खटिएका इलाका प्रहरी कार्यालय पाटनका प्रमुख, प्रहरी निरीक्षक राजेश शाही नेतृत्वको टोली बिहीबार घटनास्थलमा खटिएको थियो । शाही नेतृत्वको टोलीले घटना भएको सो घट्नामा संलग्न रहेकाहरुलाई पक्राउ गरेको हो ।

पक्राउ परेका चारै जनालाई इलाका प्रहरी कार्यालय पाटनको हिरासतमा राखिएको छ । उनीहरुविरुद्ध कर्तव्य ज्यानअन्तर्गत मुद्दा दर्ता भई जिल्ला अदालतबाट आज सात दिनको म्याद थप गरिएको छ ।


**Madi Municipality**
**Office of The Municipal Executive**
**Madi, Sankhuwasabha**
**Province No. 1, Nepal**

**Notice For Opening of Financial Proposal**

**Date of Publication: 2078/06/10**

It is to notify to the qualified bidder for the opening of financial proposal as per Schedule mention below:

| S. N. | Contract No. | Description of Work | Finanncial Proposal Opening Date and Time | Qualified Bidders |
|---|---|---|---|---|
| 1 | MM/W/NCB/04/077-78 | Construction of Rhododendron Park and Foot Track | 2078/06/17 11:00 Hour | 1) Kunsaling Construction Pvt. Ltd.<br>2) Sara Shristi Nirman Sewa Pvt. Ltd.<br>3) Bandan Bhagwati/Sisne Himal JV<br>4) Tej Construction<br>5) Puspanjali/Chemjong/Jimba JV |

**Chief Administrative Officer**



**यात्रामा सहज**

पर्सा जिल्लाको भारतसँगको सिमाना वीरगञ्ज–रक्सौल नाकाबाट शनिबार भारततर्फ जाँदै पैदल यात्रु। कोभिड–१९ को कारण पैदलयात्रुलाई सिमानाका आवतजावतमा कडाई गरिएकोमा अहिले केही खुकुलो गरिएको छ। तस्वीर : रासस

उपत्यका डायरी

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**

# नेपाल इन्जिनियरिङ कलेजलाई केही वर्ष भित्रै विश्वविद्यालय बनाउँछौं : मेयर मिश्र




भक्तपुर चाँगुनारायण नगरपालिका दुवाकोटस्थित नेपाल इन्जिनियरिङ कलेजलाई केहिवर्ष भित्रै विश्वविद्यालय बनाउने मेयर सोमप्रसाद मिश्रले बताएका छन्। शनिबार कलेजको २७ औं स्थापना दिवस तथा उद्घाटन समारोहमा उनले यस्तो बताएका हुन्। कलेज व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका मिश्रले कुनै पनि हालतमा कलेजलाई प्राइभेट बनाउँन नदिने बताए। 'तपाईंहरु ढुक्क हुनुहोस्, कक्षा नियमित रुपमा सञ्चालन गर्नुहोस्, हामी सडकदेखि सदनसम्म लडेर कलेजलाई निजी हुन दिंदैनौं' उनले भने।

कार्यक्रमको प्रमुख अतिथि काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा भोला थापाले समारोहको अवसरमा २० वर्षदेखि कलेजमा अनवरत सेवारत २० जना शिक्षक तथा कर्मचारीहरुलाई सम्मान गरेका थिए। उनीहरुलाई दोसल्ला ओढाई प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरी सम्मान गरिएको हो। साथै कार्यक्रममा अतिरिक्त क्रियाकलापबाट शैक्षिक तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो। कार्यक्रमकै अवसरमा कलेजमा आइसोलेसन केन्द्र सञ्चालन गर्न विशेष योगदान पुऱ्याए वापत कलेजका कर्मचारी मनोहर खनाललाई सम्मान गरिएको थियो। कलेजको कार्यक्रम हलमा विगतमा कोभिडको बेला आइसोलेसन सञ्चालन गरिएको थियो।

कार्यक्रममा कलेज सञ्चालनका संस्थापकहरु हरिप्रसाद पाण्डे र इन्जिनियर सलिल भट्टराईलाई सम्मान गरिएको थियो।

सोही अवसरमा कलेज प्रोफेसनल इन्जिनियरिङ सर्टिफिकेट प्राप्त गर्न सफल कलेजमा अध्यापनरत तुसिता चाँदनी शाह र कलेजका प्रिन्सिपल प्रा.डा हरिकृष्ण श्रेष्ठलाई सम्मान गरेका थिए भने सोही अवसरमा कलेजको स्नातक र स्नातकोतर तहमा सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल स्नातक तहका पाँच जना र स्नातकोतर तहका चार जना विद्यार्थीलाई पनि सम्मान गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि प्रा.डा थापा, जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलाल, जल तथा उर्जा आयोगका सचिव मणिराम गेलाल, भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी एवं कलेज सञ्चालक समितिका सदस्य मुकेश केशरी, कलेजका संस्थापक एवं पूर्वमन्त्री हरिप्रसाद पाण्डे, विश्वविद्यालयका प्रतिनिधि उप प्राध्यापक अर्जन गौतम, कलेजका सहायक प्राचार्य एवं स्थापना दिवस समारोह समितिका संयोजक सह प्राध्यापक दुर्गाप्रसाद भण्डारी, प्रशाशन प्रमुख श्रीमा शर्मा, कर्मचारी प्रतिनिधि मनोहर खनाल, शिक्षक प्रतिनिधि उप प्राध्यापक धर्मराज बगालेलगायतले कलेजका विविध पक्षकाबारेमा धारणा राखेका थिए। २०५१ साल साउन ९ गते ललितपुरको कुपण्डोलबाट कलेज सञ्चालनमा ल्याइएको थियो। कलेज हाल भक्तपुरको चाँगुनारायण नगरपालिकाको दुवाकोटमा रहेको छ।

# प्रधानमन्त्री समक्ष ज्ञापनपत्र



पुरातात्विक संरचनाहरुको संरक्षणमा अभियानमार्फत लागेका सम्पदा संरक्षण महाअभियानका समुहले प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष एक ज्ञापनपत्र बुझाएको छ।

ज्ञापन पत्रकाअनुसार काठमाडौं महानगरपालिका वडा नं १ हात्तिसारमा रहेको ढुंगेधारा उत्खननको क्रममा धाराको टुटी बाहेक धारासँग सम्बन्धित महत्वपूर्ण सम्पदाहरु भेटिएको र उत्खननको बेला वडाका प्रतिनिधि, पुरातत्व विभागका कर्मचारी, स्थानीय बासिन्दा, पत्रकार, सुरक्षाकर्मी र सम्पदा संरक्षण महाअभियानका समुह मिली उत्खनन् गरेको र पछिल्लो चरणमा सोहि धाराको जगमाथी टेकाएर व्यापारिक भवन बन्दै गरेकोले पुरातत्व विभागको ध्यानाकर्षण नभएकोले सो कार्य तत्काल रोकी पुरातात्विक सम्पदानै निमार्ण गरिनुपर्ने भनि ज्ञापन पत्र बुझाएको अभियानका संयोजक याद्ववलाल कायस्थले बताए।

कायस्थका अनुसार यस्तो पुरातात्विक अमुल्य सम्पदाहरु हाल कुनै जिवित तर लावारिस अवस्थामा रहेको, कुनै सडक विस्तारमा त कुनै अवशेष मात्र बाँकी रहेको, कुनै सडक विस्तारमा त कुनै अतिक्रमणमा परेर बेपत्ता पारिएकोले सरकार वा पुरातत्व विभागले उत्खनन् गर्नुपर्ने सम्पदाहरु संरक्षण अभियानका सदस्यहरुले उत्खनन् गर्दा पनि टुलुटुलु हेरिरहेको बताए। पुरातत्व विभागका अनुसार हातिसारमा धारा भएको भनि उत्खनन् गर्दा धारा नभेटी अन्य बुट्टेदार ईंट्टाहरुमात्र भेटिएको र त्यो पनि निजी सम्पतिमाथि परेकोले सोसँग सम्बन्धित महत्वपूर्ण संरचना भएको खण्डमा मात्र रोक्न सकिने अन्यथा रोक्न नमिल्ने बताए। निजी सम्पत्तिमा पनि उत्खननको क्रममा सम्पदासँग सम्बन्धित महत्वपुर्ण सामाग्री वा बस्तुहरु भेटियो भने त्यस्तो सामग्रीले विशेष कालखण्डको प्रतिनिधित्व गर्छ भने त्यसलाई सरकारले किनेर अधिग्रहण गर्न सकिने उनले बताए।

# कोरोना सक्रिय संक्रमितको संख्या २० हजारभन्दा कम

**काठमाडौं/मस–** नेपालमा कोरोना भाइरसका कारण संक्रमित हुनेको संख्या ८ लाख ८१ हजार नाघेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत २४ घन्टामा थप ९ सय ५३ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

मन्त्रालयको अद्यावधिक विवरण अनुसार गत २४ घन्टामा १० हजार ५ सय ७९ कोरोना परीक्षण गरिएको छ। जसमा ७ हजार ५० आरटी पिसिआर परीक्षण गर्दा ७ सय ९० जना र ३ हजार ५ सय २९ एन्टीजेन परीक्षण गर्दा १ सय ६३ जनामा कोरोना पुष्टि भएको छ।

योसँगै नेपालमा हालसम्म आरटी पिसिआर विधिबाट ७ लाख ९० हजार ६ सय ६२ र एन्टीजेन विधिबाट ९० हजार ४ सय ४३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। योसँगै नेपालमा हालसम्म कोरोनाका कारण संक्रमित हुनेको संख्या ८ लाख ८१ हजार १ सय ११ पुगेको छ। यस्तै गत २४ घन्टामा देशभर थप ६ जनाको कोरोनाका कारण मृत्यु भएको छ भने १ हजार ३ सय ७१ जना स्वस्थ भएका छन्। गत २४ घन्टामा देशभर २ लाख १६ हजार ७ सय २५ जनाले कोरोनाविरुद्धको खोप लगाएका छन् भने हाल देशभर १९ हजार ७ सय सक्रिय संक्रमित रहेका छन्।

पाल्पा डायरी

**सुशीला रेग्मी/मध्यान्ह**

# रामजानकी मन्दिर निर्माण कार्य अधुरै



जनकपुरको झ-झल्को दिने गरी निर्माण कार्य शुरु गरिएको रामजानकी मन्दिरले गति लिन नसक्दा निर्माण कार्य अधुरै बनेको छ।

पाल्पाको ऐतिहासिकतालाई मध्यनजर गर्दै रामपुर नगरपालिका ५ स्थित राममन्दिर परिसरमा छत्रशैली र गुम्बाशैली आकारमा स्थानीयको सक्रियतामा ठूलो लगानीमा मन्दिर निर्माण थालनी गरियो।

मन्दिर निर्माण कार्य सम्पन्न भई चालु हुने समयमा अहिले बीचमै काम ठप्प छ। विसं २०७२ को कार्त्तिकबाट अनुमानित करिव रु.दश करोडको लागतमा निर्माण कार्य अगाडी बढाइयो।

ठूलो योजना सानो वजेटबाट निर्माण कार्य थालनी गरियो तर सम्पन्न गर्न बजेट अभावको समस्याले बीचमै काम रोक्नु परेको रामजानकी मन्दिर विकास परिषद्का अध्यक्ष फणेश्वर गौतमले बताए। यसै वर्षभित्र सम्पन्न गर्ने योजना बनाइएपनि कामले गति नलिदा वेवारिसे जस्तै बनेको छ।

'रामपुरलाई धार्मिक नगरीका रुपमा विकास गर्न ठूलो योजना बनाएर मन्दिर निर्माण सुरुवात गरियो, अहिले वजेट अभावमा निर्माण कार्य नै अलपत्र बनेको छ, स्थानीय सरकार रामपुर नगरपालिकाले छुट्टाएको सानो वजेटले काम धेरै गर्न नसकिने, बजेटकै समस्याले पिरोलेको छ' अध्यक्ष गौतमले भने।

मन्दिर निर्माण शुरु भएपछि रामपुर नगरपालिकाले तीन आर्थिक वर्षमा गरी रु.१३ लाख रकम उपलब्ध गराएको र समितिले ठूलो योजना ल्याएको हुदा समितिको माग अनुसारको वजेट उपलब्ध गराउन नसकिएको रामपुर ५ का वडा अध्यक्ष हिमाल मल्ल बताउँछन्।

उनी भन्छन्, 'हामीले विभिन्न क्षेत्रमा पनि हेर्नुपऱ्यो, एकै ठाउँमा मात्रै बजेट छुट्याउँदा अन्यत्र विकास हुँदैन, एकै पटक धेरै वजेट उपलब्ध गराउन नसकेपनि क्रमश : मन्दिर निर्माणमा वडा र नगरपालिका कार्यालयबाट सक्दो सहयोग हुनेछ।'

रामपुर नगरपालिकाले गत आर्थिक वर्षमा उपलब्ध गराएको रु.पाँच लाख रकमबाट मन्दिरको दोस्रो तलाको गारो लगाउने र झ्याल राख्ने काम सम्पन्न भएको छ। मन्दिर छाउन ठूलो रकम लाग्ने हुदा छाउने काम अलपत्रै छ।

छानो छाउने व्यवस्था भएमा मुख्य मन्दिर जसोतसो चालु गरी पूजाआजा व्यवस्थापन गर्न सकिने समितिको भनाई छ। चार तलाको मुख्य रामजानकीको मन्दिर करिव ६० प्रतिशत मात्रै काम सकिएको छ भने समितिको योजना अनुसार मन्दिरका अलवा दुई वटा सत्तल भवन निर्माण कार्य भने शुरु नै हुन सकेको छैन। भगवान् रामचन्द्र वनवास जाँदा बास बसेको यस रामपुर क्षेत्रलाई धार्मिक नगरीका रुपमा विकास गरी जनकपुरधामको झल्को दिलाउन ठूलो लगानीमा मन्दिर निर्माण शुरु गरिएको हो। पौराणिक समयमा भगवान् रामचन्द्र बनवास जाने क्रममा मुक्तिनाथबाट घुम्दै आउँदा रामपुरमा आएर बसोबास गरेको इतिहास छ। रामकै नामबाट राममन्दिर यहाँ रहेको हुँदा सोही ठाउँमा रामको इतिहास जोगाउन रामजानकी मन्दिर निर्माण शुरु गरिएको हो।

रामचन्द्रले रामपुर ५ को बेझाड बजार नजिकै भात पकाई खाएको रामचुलो राममन्दिर परिसरमा धार्मिक तथा ऐतिहासिक महत्वलाई बचाई राख्न रामपुरवासीले रामजानकी मन्दिर निर्माण गर्न कस्सिएका हुन्।

ऐतिहासिक महत्वसँग जोडिएको यस रामचुलोको प्रवर्द्धन र संरक्षण गर्ने उदेश्यले यहाँका स्थानीयवासी र सरोकारवाला निकायको सहयोगमा यसलाई धार्मिक तथा पर्यटकिय क्षेत्रको रुपमा विकास गर्नका लागि मन्दिर निर्माण शुरु भएको हो।

रामचुलोको ऐतिहासिक तथा धार्मिक महत्वलाई जोगाई राख्न यहाँका स्थानीयवासीको पहलमा विसं २०७१ माघमा श्रीमद्भागवत धनधान्याञ्चल ज्ञान महायज्ञ सञ्चालन गरियो। सो महायज्ञबाट रु दुई करोड ४२ हजार नगद तथा जिन्सी रकम संकलन गरी मन्दिर निर्माण कार्य थालनी गरिएको समितिका सचिव गुरुप्रसाद रेग्मीले जानकारी दिए। महायज्ञमा कतिपय दानदाताले घोषणा गरेको नगद र जिन्सी रकम नउठ्दा पनि काम गर्न अप्ठ्यारो परेको छ।

मन्दिरको कोषमा प्राप्त बजेट नहुँदा निर्माण कार्यलाई द्रुत गतिमा अगाडी बढाउन नसकिएकाले निर्माण कार्यमा सम्बन्धित निकाय स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले ध्यान दिएर वजेट व्यवस्थापन गरिदिन मन्दिर व्यवस्थापन समितिका सदस्य मिनराज रेग्मी अनुरोध गर्छन्।

रामपुर नगरपालिकामै धार्मिक क्षेत्रमा ठुलो योजनाका रुपमा निर्माण भएको रामजानकी मन्दिर पहिलो हो। यस मन्दिरको निर्माण कार्यमा रामपुरवासीले चासो र महत्वका साथ लिएका छन्। पूर्वको जनकपुरमा अवस्थित रामजानकी मन्दिर जस्तै प्रख्यात बनाउन यहाँका सरोकारवालाले मन्दिर निर्माणमा जोड दिएका हुन्।

निर्माण कार्य अगाडी बढाउन स्थानीयवासीले दबाब दिइरहेका छन्। मन्दिर निर्माणले गति लिन नसक्दा भने आम नागरिकले चिन्ता व्यक्त गरिरहेका छन्। मन्दिरको स्वामित्वमा रहेको करिव चार रोपनी क्षेत्रफलमा निर्माणको काम थालिएको हो।

नयाँ शैली र आकारमा निर्मित कार्य थालनी भएकाले यस मन्दिरले सुरुवातीको क्रममा यहाँ अवलोकन गर्न आउनेको चहलपहल थियो। निर्माण कार्य अलपत्र हुदा मन्दिर वरपर झाँडीले भरिएको छ। समितिका अनुसार कोरोनाको कहर सुरु भए देखि नै निर्माण कार्य रोकिएको छ।

गत आर्थिक वर्षमा भने नगरपालिकाले उपलब्ध गराएको रु.पाँच लाख वजेट व्यवस्थापन गर्न गारो लगाउने, झ्याल राख्ने मात्र काम भएको छ। यो मन्दिर निर्माण सम्पन्न भएपछि रामपुरको धार्मिक पर्यटन विकासमा ठुलो टेवा पुग्नेछ। मुक्तिनाथ, देवघाटधाम संग जोडिएको कालीगण्डकीले यस क्षेत्रलाई पनि जोडेको हुदा मन्दिर निर्माण भएपश्चात् यहाँ आन्तरिक तथा बाह्य पर्यटक भित्रिनेछन्।

कालीगण्डकी करिडोरको सडकको विकासले पनि मुक्तिनाथ र देवघाटधाम पुग्ने पर्यटक रामजानकी मन्दिर दर्शनको लागी रामपुरमा आउने यहाँका स्थानीय बताउँछन्। यस रामजानकी मन्दिरलाई यहाँका स्थानीयवासीले विकासको मेरुदण्डका रुपमा लिएका छन्।

# वक्तृत्वकला प्रतियोगिताका विजयीलाई पुरस्कार



भर्चुअल माध्यमबाट आयोजना गरिएको वक्तृत्वकला प्रतियोगीतामा विजयी प्रतियोगीलाई पुरस्कार वितरण गरिएको छ। 'द चेम्बर अफ युथ र सौँच समुह पाल्पा'को आयोजनामा भर्चुअल माध्यमबाट रामपुरमा 'कोरोनाको विषम परिस्थितीमा अनलाइन कक्षाको प्रभावकारिता' विषयक वक्तृत्वकला प्रतियोगीता भएको हो।

प्रतियोगीतामा प्रथम रामपुर ५ बस्ने सुरक्षा गौतम, द्धित्तिय रामपुर ७ बस्ने वृन्दा र तृत्तिय रामपुर ६ बस्ने सबिना अधिकारीलाई नगद क्रमश : नगद ४ हजार, ३ हजार र २ हजार सहित प्रमाण पत्र र मेडल प्रदान गरिएको छ।

रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले विजयी प्रतियोगीलाई पुरस्कार वितरण गर्नुहुदै विद्यार्थीमा लुकेका क्षमताको प्रस्फुटन गराउन समूहले आयोजना गरेको कार्यक्रम महत्वपूर्ण रहेको बताउँदै थप प्रगतिको कामना गरे।

कार्यक्रममा रामपुर नगरपालिका ५ का वडा अध्यक्ष हिमाल मल्ल, गंगा माध्यमिक विद्यालयका प्रधानाध्यापक देवराज देवकोटा र रामतुलसी माध्यमिक विद्यालयका शिक्षक छविलाल न्यौपानेले बोल्दै कार्यक्रम सफलताको शुभकामना दिएका छन्।

प्याराडाइज होटेलको सभाहल बेझाँडमा भएको कार्यक्रम सोच समुह पाल्पाका संयोजक दिपेन्द्र भट्टराईको अध्यक्षतामा चलेको हो भने कार्यक्रमको सञ्चालन सोंच समुह पाल्पाका सदस्य वर्षा खनालले गरेकी थिइन्।

# ३ हजारभन्दा बढी नेपालीलाई हेमोफिलिया



**काठमाडौं/मस–** हेमोफिलिया सोसाइटी नेपालले राष्ट्रिय जनगणना २०७८ मा देशभर रहेका हेमोफिलियाका बिरामीको तथ्यांक पनि समेट्न माग गरेको छ।

करिब ३ हजार नेपाली हेमोफिलियाका बिरामी रहेको अनुमान सोसाइटीको छ।

काठमाडौंमा शनिबार पत्रकार सम्मेलन गरी सोसाइटीले राष्ट्रिय जनगणना २०७८ मा पहिलोपटक हेमोफिलियाका बिरामीको पनि गणना हुने भएकाले जनगणनामा उनीहरूको वास्तविक तथ्यांक समेट्ने गरी गणना गर्न, गराउन माग गरेको हो।

महासंघले हेमोफिलिया भएकाहरू अपांगता ऐनमा समेटिएका तथा अपांगताको सूचीमा दसौं नम्बरमा राखिएको जानकारी दिएको छ।

गणक आउँदा घरपरिवारमा हेमोफिलियाका बिरामी भए सबै विवरण प्रष्ट दिन पनि महासंघले अनुरोध गरेको छ।

त्यस्तै, यसबारे गणकलाई पनि सचेत र सजग हुन महासंघले आग्रह गरेको छ। महासंघका महासचिव दिपक न्यौपानेले वास्तविक तथ्यांक समेट्न तथा गणक र सुपरिवेक्षकलाई यसबारे आवश्यक तालिम दिन माग गरे।

### के हो हेमोफिलिया ?

हेमोफिलिया वंशाणुगत कारणले रगत जमाउने तत्वको कमी भएर रगत जम्न नसकेर रक्तस्राव हुने शारीरिक अवस्थाको व्यक्ति भनी सरकारले परिभाषा गरेको छ। हेमोफिलियाका बिरामीमा कुनै पनि कारणले आन्तरिक वा वाह्य रक्तस्राव भएमा रगत बग्न नरोकिने, रक्तस्राव रोक्न प्लाज्मा वा एन्टिहेमोफिलिक फ्याक्टर नै दिनुपर्ने चिकित्सक बताउँछन्।

विश्व हेमोफिलिया महासंघको तथ्यांकअनुसार प्रति ५ हजार पुरुषको जन्म हुँदा तीमध्ये एक जना हेमोफिलियासँगै जन्मन्छन्।

हेमोफिलिया सोसाइटी नेपालमार्फत हालसम्म ७ सय ५० जना हेमोफिलियाका बिरामीको पहिचान भएको सोसाइटीले बताएको छ।

## सम्पादकीय

# विकासमा राजनीति

पूर्वअर्थमन्त्री एमव् नेकपा एमालेका उपमहासचिव विष्णुप्रसाद पौडेलले निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा सरकाले अवरोध गरेको आरोप लगाएका छन् । आफू अर्थमन्त्री हुँदा विमानस्थल निर्माण कार्य पुरा हुनेगरी बजेट विनियोजन गरेको, तर वर्तमान सरकारले अवरोध गरेको उनको भनाइ छ । शनिबार भैरहवामा आयोजित कार्यक्रममा पूर्वमन्त्री पौडेलले विमानस्थलको निर्माण कार्य नै अवरूद्ध हुन पुगेको दावी गरे । दोस्रो चरणको निर्माणका लागि एशियाली विकास बैंकले ७ अर्व रूपैयाँ सहयोग दिन खोज्दा समेत सरकारले बेवास्ता गरेको पौडेलको भनाइ छ ।

यदि पुर्वमन्त्री पौडेलको दावी सत्य हो भने यो गम्भीर विषय हो । किनकि देश विकासमा कुनैपनि सरकार बाधक बन्न मिल्दैन । त्यसैले पूर्वअर्थमन्त्री पौडेलले उठाएको प्रश्नको जवाफ वर्तमान सरकारले दिनुपर्छ, त्यो पनि विलम्बन नगरिकन । होइन, पूर्वमन्त्री पौडेलले राजनीतिक लाभ उठाउन बोलेका हुन् भने त्यो पनि निन्दनीय कार्य हो । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल त्यसैपनि राष्ट्रिय गौरवको आयोजना हो । गौतम बुद्धको जन्मस्थल लुम्बिनीकै आसपासमा बनिरहेको यो अन्तर्राष्ट्रिय विमानस्थलले विकासको द्वार खोल्न सहयोग गर्छ । हुन त निर्माण प्रकृया शुरू भएबाटै यो परियोजनाले अनेक अवरोध खेप्दै आएको छ । अहिले अन्तिम चरणमा पुगेको विमानस्थलबारे पूर्वअर्थमन्त्रीको भनाइबारे सरकार गम्भीर हुन जरूरी छ ।

त्यसैपनि नेपालमा विकास निर्माणमा राजनीतिकरण हुने गरेको आरोप लाग्ने गरेको छ । नेताहरूले राजनीतिक स्वार्थमा सत्तामा रहँदा एउटा र विपक्षीमा हुँदा फरक अभिव्यक्ति दिने गरेका छन् । भूमिका पनि त्यस्तै किसिमको हुने गर्छ । नेताहरूको द्वैध चरित्र र भूमिको असर भने विकास निर्माणमा पर्ने गरेको छ । कतिपय परियोजना त वर्षौंसम्म अन्योलमा धकेलिएको छ । काठमाडौं–निजगढ द्रुत मार्ग, काठमाण्डौ–हेटौंडा सुरूङ मार्ग लगायत परियोजना अति बिलम्ब हुँदै गएको छ । बुढीगण्डकी, अरूण जलविद्युत आयोजनाले पनि राजनीतिकरणको नियति खेप्दै आएको छ । नेताहरू देश विकास र समाज समृद्ध बनाउन प्रतिबद्ध हुने हो भने यस्ता प्रवृत्ति रोकिन जरूरी छ । दीर्घकालीन परियोजनामा राजनीतिकरण बन्द गरिनुपर्छ । देशको आवश्यकता अनुसार, आयोजना छनोट र कार्यान्वयन हुनुपर्छ । चुनावका बेला मतदातालाई विभक्त गराएपनि दीर्घकालीन परियोजनाहरूमा नेताहरूको समेत साझा धारणा र प्रयास गरिनुपर्छ ।

## सामाजिक सञ्जाल



मैले विरोध गरेको होइन तर, दलाली मिडिया च्याउ सरि उम्रे हाम्रो देशमा । वाक स्वतन्त्रता छ भन्दैमा सुनेको भर र अरूले भनेको भरमा ब्रेकिङ्ग न्युज बन्छ । कहाँ गयो त्यो स्वतन्त्र पत्रकारिताको संकल्प ? नेता नै पिच्छे पत्रकार र दल पिच्छे मिडिया हाउस छ ।

- **विष्णु पोखरेल**



'आगामी पुस्ताले संविधानका यी/यी विषय चाहीँ छुन चलाउनै पाउँदैन, हामीले जे भन्यौं र लेख्यौं, अनन्तसम्म यही नै भईरहनुपर्छ, भविष्यमा कालान्तरसम्म यी विषयमा कहिल्यै पनि संशोधन, परिमार्जन गर्नै पाईंदैन', भनेर अहिल्यैदेखि आगामी पुस्तालाई डिक्टेट गर्नु कतिसम्म जायज हो ? प्रश्न यतिमात्रै हो ।

- **आनन्दराम पौडेल**



देउवाले बोली फेरे, चैत मसान्तसम्म शत प्रतिशत नागरिकलाई खोप दिन्छु भन्थे ८० मा झारेछन् भन्ने टिप्पणी सतही लाग्यो । सिंगापुर, स्वीजरल्याण्ड बनाउने भनेर ढाँट्नेका लागि यस्तो जाबो पाईपमा ग्यास, सरररर रेल, पानीजहाज होला । हामी ढाँटेछन भन्छौ ३० वर्ष भयो यसै गरेर श्रीपेच गुथेका हामी सबै अल्जाईमरे भए जस्तो छ ।

- **गोविन्दबहादुर थापा**



मालदार मन्त्रालय नमिल्दा मन्त्रिमण्डलले पुर्णता पाएन । मन्त्रि बन्नु भनेको अकुत सम्पति कमाएर पार्टीलाई फण्ड र परिवारलाई राम्रो बन्दोबस्ति गरिदिनु भयो । यी नेता भनाउदाहरूलाई जनताको समस्याको कुनै ध्यान वा चासो नै छैन् । कसरी हुन्छ कमाउ, जसरी हुन्छ कमाउ । कपड लगाएर कमाउ कि नाङ्गो भएर कमाउ । तर, कमाउ ।

- **पुरूषोत्तम ढुंगेल**



अफगानिस्तानमा तालिबान ! शासकहरू पहिलेकै जस्तो कठोर किसिमको इस्लामी कानून लगाई मृत्युदण्ड, हात–गोडा काटिदिने जस्ता सजाय नीतिमा रहेछन् । समाचार संस्था एपीलाई दिएको अन्तर्वार्तामा मुल्लाह नूरूद्दिन तुराबीको कथन – हाम्रो देशमा कुन कानून आवश्यक छ त्यो बाहिरियाले सिकाउनु पर्दैन ।

- **धुव्रहरि अधिकारी**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# व्यवस्थामाथि उठेका प्रश्न


संसदीय व्यवस्था देशका लागि अफापसिद्ध भएको छ । भ्रष्टीकरण र दलालीकरणका कारण संसदवादको अन्त निश्चित बनेको देखिन्छ । संसदवादको अर्को नाम नै राजनीतिक अस्थिरता बनेको छ । यदि संसदीय व्यवस्था नभएको भए न त नेकपा फुट्थ्यो न त एमाले नै । संसदीय व्यवस्था नभएको भए न त ओली सरकार ढल्थ्यो न त संसद विघटन र पुनर्स्थापना नै ।



● विष्णु पन्त

### व्यवस्थामाथि नयाँ बहस

नेपाली राजनीतिमा मूलधार कुन भन्ने प्रश्न उठेको छ । आज संसदीय व्यवस्था अन्तिम संकटमा देखिन्छ । यसको एउटा प्रमाण माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को पछिल्लो अभिव्यक्ति पनि हो । उनले दुईवटा महत्वपूर्ण विषय उठाएका छन् र ती मध्येको पहिलो हो - म एक्लो अनुभूति गरीरहेको छु र भविष्यमा म एक्लो बृहस्पति बन्न पनि सक्छु । दोस्रो उनको घोषणा छ - अब संविधान संशोधन, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र निर्वाचन प्रणालीका विषयमा सडक संघर्ष गर्नुपर्ने हुनसक्छ । नेपाली राजनीतिमा प्रचण्डको आधार भनेको जनयुद्ध र राष्ट्रवादी वा राष्ट्रिय युद्ध थियो तर, उनले दुवै जगलाई भत्काईदिए । संसदीय राजनीतिमा प्रचण्डको अस्थिर दौडधुप मात्र बाँकी छ । उनको दौडाई या त एमाले तिर यात नेपाली कांग्रेस तिर केन्द्रीत छ । स्थानीय निर्वाचनदेखि संसदीय निर्वाचनसम्म अनि सरकारको गठन र पूर्नगठन प्रक्रियासम्मको घटनाक्रमलाई अध्ययन गर्ने हो भने स्पष्ट हुन्छ कि उनले माओवादी केन्द्रको स्वतन्त्र अस्तित्वको सम्भावना देखेका छैनन् । संसदीय निर्वाचनमा माओवादी केन्द्रको स्वतन्त्र अस्तित्व देखिँदैन् । अब आउने निर्वाचनमा माओवादी केन्द्रले गर्ने सम्भावित तालमेलबारे अहिले नै बहसहरु चल्न थालेका छन् । वर्षमान पुन 'अनन्त'को घोषणाअनुसार आगामी चुनावसम्मै अहिलेको गठबन्धन निरन्तर अगाडि बढ्ने छ ।



दशवर्षे जनयुद्धका मुख्य खम्बाहरु मोहन वैद्य 'किरण', डा. बाबुराम भट्टराई, नेत्रविक्रम चन्द 'विप्लव', रामबहादुर थापा 'बादल' र सिपी गजुरेलजस्ता सहयात्रीहरु गुमाउँदासमेत उनले आफ्नो इतिहासको कहिल्यै समिक्षा गरेनन् । विस्तारै उनको साथ छाड्नेहरु बढ्दैछन् किनकी उनीसँग कुनै उज्यालो गन्तव्य बाँकी छैन् । भ्रष्टीकरण र दलालीकरणको भड्खालोमा माओवादी केन्द्र फसिसकेको छ । जति सकिन्छ कमाउने, मन्त्री, सांसद बन्ने रणनीतिमा सम्पूर्ण पार्टी केन्द्रीत छ । प्रचण्डले बिनाकारण एमालेसँग एकता गरे र बिनाकारण विभाजित बने । ओलीसँग प्रतिशोध लिनका लागि शेरबहादुर देउवासँग आत्मसमर्पण गरे । मन्त्रीमण्डल विस्तार हुन नपाउँदै सत्ता गठबन्धनमा संकट देखापरेको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले केपी शर्मा ओलीसँग सम्बन्ध सुधारेर गठबन्धनभित्रको दबाबलाई कमजोर बनाउन खोज्दै छन् । ओली र देउवाबीच नयाँ गठबन्धन बनाएर चुनावमा जानेसम्मको तयारी भएका समाचारहरु पनि बाहिर आएका छन् । यसबाट प्रष्ट हुन्छ नेपाली राजनीतिमा संसदीय मूलधारको अवसान भईसकेको छ ।

हामी देख्न सक्छौं, पछिल्ला दिनमा संसदमा अन्तरध्वंस मात्र भईरहेका छन् । संसदीय व्यवस्थाको अन्तरध्वंसको एउटा छायांकन संसदमा प्रकट भईरहेको छ । हामी देख्छौं संसदमा सबै पक्ष अराजक, अनैतिक, अनुत्तरदायी र दिशाहिन मात्र छन् । सभामुख त मर्यादापालक नामक तैथानीबाट चल्नुपर्ने अवस्था बन्दैछ । संसदीय व्यवस्थालाई मर्यादित बनाउनेसम्मको दृष्टिकोण र प्रतिबद्धतासमेत संसदीय नेतृत्वमा देखिएन । कुन सांसद कतिबेला कुन पार्टीमा जान्छ भन्नेसम्मको आकंलन गर्न नसकिने अवस्था बन्दैछ । राजनीतिमा गठबन्धन पनि अराजक, अस्थिर र दिशाहीन ढंगले बन्ने र भत्किने क्रम जारी छ । यसबाट पैदा भएको मुख्य समस्या हो दलहरु र नेतृत्वबीचको विश्वासको संकट । प्रचण्डको एक्लोपनको अनुभूति त्यहि विश्वासको संकटको परिणाम हो । यदि ओली र देउवा दुवैले लात हानेको अवस्थामा मात्र प्रचण्डले थकावटको महसुस गर्नेछन् । आज ओलीसँगको तिक्तता र शत्रुता अनि सत्ता गठबन्धनमा देखापरेको खटपटले शायद प्रचण्ड अलि थकित र निराश बनेका हुन सक्छन् । संसदीय राजनीतिमा फेरि पनि संसद विघटन र नयाँ चुनावको बहस चलिरहेकै छन् र उता ओली र देउवाबीचको नयाँ गठबन्धनका सम्भावना पनि बढेकै छन् ।

माओवादी केन्द्रको आफ्नो जग ध्वस्त भएको अवस्थामा प्रचण्डको निराशा र चिन्ता बढ्नु स्वभाविक छ । पछिल्लो अवस्थामा उनले दुईवटा कार्ड फालेका छन् - माओवादीहरुबीचको एकता र कम्युनिष्टहरुको एकता, संविधान संशोधनको लागि सडक संघर्ष । यसबाट बुझिँदैन र वर्तमान संविधान संकट छ भनेर । संविधानका अपरीवर्तनीय व्यवस्था नै जनताबाट अस्वीकृत हुने अवस्था उत्पन्न भएको हुनाले यो व्यवस्था संकट ग्रस्त अवस्थाबारे स्वतः स्पष्ट हुन्छ ।

> संसदीय व्यवस्थाको अन्तरध्वंसको एउटा छायांकन संसदमा प्रकट भईरहेको छ । हामी देख्छौं संसदमा सबै पक्ष अराजक, अनैतिक, अनुत्तरदायी र दिशाहिन मात्र छन् । सभामुख त मर्यादापालक नामक तैथानीबाट चल्नुपर्ने अवस्था बन्दैछ । संसदीय व्यवस्थालाई मर्यादित बनाउनेसम्मको दृष्टिकोण र प्रतिबद्धतासमेत संसदीय नेतृत्वमा देखिएन ।

त्यसकारण आज नेपाली राजनीतिमा राष्ट्रिय मूलधारको निर्माणबारे बहसहरु चल्न थालेका छन् । नेकपाका नेता खड्गबहादुर विश्वकर्माको शब्दमा नेपाली राजनीतिमा अब संसदीय मूलधारको अन्त्य भएको छ र नयाँ अग्रगामी तथा राष्ट्रिय मूलधारको निर्माण हुँदैछ । हुन पनि आज उत्पन्न भएको परमादेश र जनादेशको संसदीय बहसले सरकारका सबै अंग विवादित र अविश्वसनीय छन् भन्ने स्पष्ट गर्दछ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीनवटै अंगहरु ध्वस्त बनेका छन् । राष्ट्रपति, प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधिश सबै विवादित छन् । त्यसकारण संसदीय राजनीतिमा चरम विश्वासको संकट उत्पन्न भएको छ । त्यो अविश्वास आजको सत्ता गठबन्धनमा समेत बढेको छ । दाहाल र देउवाबीच कतिबेला युद्ध हुन्छ त्यो भन्न सकिँदैन । यति छिटै गठबन्धन बनेको दुई महिना पनि नबित्दै यति ठूलो सशंय पैदा हुनु अनोठौ विषय छ ।

सरकार बनेको दुई महिनासम्म मन्त्रीमण्डलले पूर्णता पाउन नसक्नु रमाईलो विषय बनेको छ । सबै सायद मन्त्री बन्न आतुर छन् र आफुँलाई मन्त्री बनाउनका लागि नेतृत्वलाई दबाब दिईरहेका छन् । गुट र उपगुटहरु मौलाएका छन् । भागवण्डा नै मिलाउन नसक्ने अवस्थामा दलहरु पुगेका छन् । दल विभाजनसम्बन्धी सरकारले ल्याएको पछिल्लो अध्यादेश निष्कृय नभएसम्म मन्त्रीमण्डल विस्तार नगर्ने अवस्थामा सत्तारुढ दलहरु पुगेका छन् । किनकी मन्त्री नपाउनेहरु फुटेर पुरानै दलमा जाने वा दल त्याग गर्ने अवस्थामा छन् । वास्तवमा यो कहालीलाग्दो र दयनीय परीदृश्यले गर्दा संसदीय दलहरु पतन वा विघटनको डीलमा उभिएका छन् । यो परिवृत्तिले पुरानो संसदीय मूलधारको अन्त्यलाई प्रमाणित गर्दछ ।

### आदेशबाट चलेको राजनीति

सबैलाई थाहा भएकै तथ्य हो कि वर्तमान देउवा सरकार सर्वोच्च अदालतको परमादेशद्धारा बनेको हो । संसदमा उसले प्राप्त गरेको बहुमतको आधार पनि अदालतद्धारा निर्माण गराइएको हो । राजनीतिक रुपमा दुई पटकसम्म विघटित संसदलाई ब्यूँताउने काम अदालतले गरिदिएको हो । प्रधानमन्त्रीमा केपी शर्मा ओलीलाई सत्ताच्यूत गराउने मुख्य काम अदालतले गरेको हो । त्यतिमात्र हैन तत्कालिन नेकपाको विभाजन पनि अदालतकै कारण भएको हो । एमाले र माकेको पूनर्जन्म अदालतले गरिदिएको हो । ओली र नेपालको विभाजन पनि परमादेश वा संसद पुनर्स्थापनासम्बन्धी पछिल्लो फैसलाको जगमा भएको हो । अहिले पनि एकीकृत समाजवादीको अस्तीत्वसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ । अब माधव नेपालको एकीकृत समाजवादी नामको दलीय अस्वीत्व अदालतको फैसलापछि निर्धारित हुनेछ । यी घटनाक्रमहरुले स्पष्ट गर्दछन् कि संसदीय दलहरुको हैसियत अदालतद्धारा निर्दिष्ट भएअनुसार भएका छन् । न त एमालको परिकल्पना भएको थियो नत माओवादी केन्द्रको राजनीति विचारधार वा राष्ट्रिय मुद्दाहरुमा असहमती भएर तत्कालिन नेकपा विभाजित बनेको हैन ।

दुई तिहाई बहुमत हुँदा ओली र देउवाबीच कुनै विवाद, फरक मत वा अन्तर भएन । न त त्यतिबेला संविधान संशोधनका मुद्दा उठे न त कार्यकारी राष्ट्रपतिका मुद्दा यसबाट प्रष्ट हुन्छ कि संसदीय दलहरु दृष्टिकोण बिहिन र मुद्दाबिहिन बनेका छन् । आजका सबै दलहरुको पतनको मूल कारक मूल नेतृत्वमा आएको पतन हो । आज माओवादी केन्द्रलाई हेरौं न, प्रचण्ड, बाबुराम र बादलहरुको बियोगान्त मूलरुपमा विचारधारामा आएको बिचलनका काण सम्भव भएको हो । प्रचण्ड आफैं ओलीपथमा गएर फर्किएपछि बादललाई सत्तोसराप गर्नुको के अर्थ हुन्छ र ? बादललगायतका माओवादी नेताहरुलाई एमालेमा लगेर छाड्ने काम स्वंय प्रचण्डले गरेका हुन । विचारधाराको अन्त्य भएकै कारणले बादलहरु एमालेमा रहे भने माधव नेपालहरु प्रचण्डसँग जाने हुन् । त्यसकारण संसदीय राजनीतिमा आजको प्रतिष्पर्धा कमिशनमा केन्द्रीत बनेको छ । जती सक्छौं कमाऊ आजको राजनीतिको मूलमन्त्र बनेको छ । संसदीय राजनीतिमा फस्टाएको भ्रष्टीकरणले व्यवस्थालाई नै संकटमा धकेलेको छ । त्यसकारण आजको राजनीतिको मूल केन्द्र अदालत बनेको छ ।

आजको शक्ति सन्तुलनमा कार्यपालिका र व्यवस्थापिका त केवल अदालतको छाँया बनेका छन् । आजका धेरै राजनीतिक मुद्दाहरु अदालतमा विचाराधीन छन् । धेरै विश्लेषकहरुको चिन्ता छ कि अदालतले चाहेमा संसदमा रहेका अधिकांश दलहरुलाई अवैध घोषणा गर्न सक्छ । जस्तो कि ५ वर्षभित्र महाधिवेशन सम्पन्न गर्नुपर्ने संवैधानिक व्यवस्थालाई अधिकांश ठूला दलहरुले कार्यान्वयन गर्न सकेका छैनन् । धेरै नेताहरुका मुद्दाहरु अदालतमा छन् । भ्रष्टाचारको छानबीन गर्ने स्वतन्त्र व्यवस्था भए लगभग सबै नेताहरु जेल जाने निश्चित छ ।

### संसदीय व्यवस्था अफापसिद्ध

संसदीय व्यवस्था देशका लागि अफापसिद्ध भएको छ । भ्रष्टीकरण र दलालीकरणका कारण संसदवादको अन्त निश्चित बनेको छ । संसदवादको अर्को नाम नै राजनीतिक अस्थिरता बनेको छ । यदि संसदीय व्यवस्था नभएको भए न त नेकपा फुट्थ्यो न त एमाले नै । संसदीय व्यवस्था नभएको भए न त ओली सरकार ढल्थ्यो न त संसद विघटन र पुनर्स्थापना नै । समस्याको मूल जड नै राजनीतिक प्रणाली हो । संसदबाट प्रधानमन्त्री फेरबदल गर्ने व्यवस्थाकै कारण ओली र दाहाल अनी ओली र नेपालबीच लडाइँ भएको हो । दुई तिहाईको बहुमत ल्याएको दल विभाजित हुनुको मुख्य कारण संसदीय व्यवस्था हो ।

२०६२/०६३ को आन्दोलन पछि गणतन्त्रको नाममा संसदीय व्यवस्थाकै पुनरावृत्ति गर्नु नै आजको दुर्दशाका मुख्य आधार हो । त्यसकारण संसदीय व्यवस्था सर्वत्र असफल सिद्ध भएको छ । अब संसदीय व्यवस्थाको विकल्प खोजौं । सबै वामपन्थ देशभक्त र लोकतन्त्रवादी शक्ति एकजुट भएर जनमत संग्रहको विकल्पमा जाने सहमति गरौं । त्यसकारण अबको राष्ट्रिय बहस जनमत संग्रहलाई बनाऔं । कमरेड प्रकाण्डको शब्दमा अबको निकास संसदीय चुनाव हैन जनमत संग्रह । त्यसकारण संसदीय चुनावको मुर्खता नगरी जनमत संग्रहको बाटो रोजौं ।

# कोरोना संक्रमणको बढ्दो जोखिम

निषेधाज्ञा बाध्यात्मक रुपमा हटाइएको भएपनि विज्ञहरुको सुझावका आधारमा तयार गरिएको स्वास्थ्य मापदण्डलाई कार्यान्वयनमा ल्याउन सरकारले पहल गर्नुपर्ने देखिन्छ । सरकारले बढ्दो जोखिमलाई ध्यानमा राखी जोखिमयुक्त ठाउँहरुमा विशेष अनुगमन तथा नियमन गर्न आवश्यक छ । भीडभाडलाई व्यवस्थित बनाउने तर्फ सरकारले ध्यान दिनुपर्छ । नत्र, दशैंपछि कोरोना दशा बनेर आउँदैन भन्न सकिन्न ।



● दिनेश अर्याल

नेपालीहरु रोजगारीको सिलसिलामा विभिन्न देशमा काम गर्न जान्छन् । मजदुरीको लागि दक्षिणी छिमेकी देश भारत जानेको संख्या पनि उतिकै छ । कामको लागि खाडी मुलुक र पढ्नको लागि राम्रो मुलुक जानेको संख्यामा पनि कुनै कमि छैन् । उनीहरु वर्षौ विदेशमा बसेका हुन्छन् । काम गरेर कोही आफ्नो समयावधि पुगेपछि फर्कन्छन् त कोही म्याद थपेर उही बस्छन् । तर, अहिले दशैं लागेसँगै विदेशमा भएका नेपालीहरु विभिन्न माध्यमको प्रयोग गरि स्वदेश आईरहेका छन् ।

अहिलेसम्म कुनै पनि मुलुकमा कोरोना महामारीको समस्या हटिसकेको छैन् । तर, ती कोरोनाको जोखिम भएका देशबार फर्किएकाहरु सिधै आफ्नो घर गइरहेका छन् । अहिले उनीहरुको व्यवस्थित रुपमा कोरोना परिक्षण हुन सकेको छैन् । यस्तो अवस्थामा यदि उनीहरुलाई कोरोना लागेको रहेछ भने उनीहरुको परिवार मात्रै नभएर टोल छिमेकलाई नै कोरोना सर्ने खतरा बढेको छ ।

नेपाल सरकारले अन्तराष्ट्रिय एयरपोर्टमा पनि कोरोना परीक्षण गरेको छैन् । नाकाबाट भित्रिनेहरुको पनि कोरोना परीक्षण भएको छैन् । जनस्तरबाट पनि कोरोना रोकथाम तथा नियन्त्रणका लागि बनाइएको मापदण्डलाई पालना भएको छैन् । सरकारले पनि अनुगमनमा खासै चासो दिएको जस्तो देखिँदैन् ।

चाडबाड लागेसँगै क्रमिक रुपमा उपत्यका छोड्नेको संख्या पनि बढिरहेको देखिन्छ । उपत्यका कोरोना संक्रमणको केन्द्र जस्तो बनेको थियो र छ । तर, उपत्यका छाड्नेको पनि परिक्षण छैन् । अहिले गाउँ-गाउँमा कोरोना संक्रमणको जोखिम उपत्यका छाड्नेहरुकै कारण बढिरहेको देखिन्छ । यसलाई हेर्दा दशैपछि ह्वात्तै कोरोनाको बिरामी बढ्न सक्छ । चाडबाड मनाउने नाममा वा रमाइलो गर्ने नाममा हामी महामारीलाई बढावा दिन हुँदैन । जसलाई राज्यले पनि गम्भीरतापूर्वक सोंच्न आवश्यक छ । विज्ञहरुले दिएको सुझाबलाई मनन् गर्न आवश्यक छ । पछिल्लो अवस्थालाई हेरेर विज्ञहरुले शहरमा होइन् गाउँमा जोखिम बढेको बताएका छन् । जसलाई सरकारले ध्यान दिन आवश्यक छ ।

अहिले किनमेल गर्ने, गाडीको लागि टिकट काट्नेलगायतका ठाउँमा भीडभाड छ । मानिसहरु निकै सामान्य रुपमा हिँडिरहेका छन् । अहिले होटेल, रेष्टुराँलगायतका व्यवसायीक क्षेत्र पनि निर्वाध रुपमै खुला छन् । गम्भीर विषय ती क्षेत्रमा स्वास्थ्य मापदण्डको प्रयोग भएको छैन् ।

अन्त्यमा, निषेधाज्ञा बाध्यात्मक रुपमा हटाइएको भएपनि विज्ञहरुको सुझावका आधारमा तयार गरिएको स्वास्थ्य मापदण्डलाई कार्यान्वयनमा ल्याउन सरकारले पहल गर्नुपर्ने देखिन्छ । सरकारले बढ्दो जोखिमलाई ध्यानमा राखी जोखिमयुक्त ठाउँहरुमा विशेष अनुगमन तथा नियमन गर्न आवश्यक छ । भीडभाडलाई व्यवस्थित बनाउने तर्फ सरकारले ध्यान दिनुपर्छ । नत्र, दशैंपछि कोरोना दशा बनेर आउँदैन भन्न सकिन्न ।

# संयुक्त राष्ट्रसंघको महासभामा विश्वका नेताहरूले के भने ?




**काठमाडौं/एजेन्सी–** विश्वका नेताहरूले प्रत्येक वर्ष आयोजना हुने संयुक्त राष्ट्रसंघको महासभामा विश्व र आ-आफ्ना क्षेत्रसँग सम्बन्धित विषयलाई जोडतोडका साथ उठाउने गर्दछन् । प्रत्येक वर्ष यस्ता केही आवाजहरू हाबी हुने गर्दछन् र विश्व राजनीतिक मञ्चमा तरङ्ग समेत पैदा गर्दछन् । त्यहाँ एसोसिएटेड प्रेसले केही फरक आवाज र दृष्टिकोणलाई प्रस्तुत गरेको छ । कोरोना महामारीको लामो सङ्कटले गुज्रिरहेको विश्वको वर्तमान अवस्थामा महासभाको चौथो दिन शनिबार विभिन्न देशका नेतृत्व तहबाट यस्ता अभिव्यक्त विचारहरूले अखबारका पानाहरू रङ्गाएका छन् र नयाँ विचारलाई पस्केका छन् । यस्ता केही प्रतिनिधि विचारहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

महासभालाई सम्बोधन गर्दै बंगलादेशका प्रधानमन्त्री शेख हसिनाले आप्रवासी कामदारको विषयलाई जोडतोडले उठाएकी छन् । उनी भन्छिन्, 'आप्रवासीहरू महामारीको बेला स्वास्थ्य र अन्य आपतकालीन सेवाहरूमा अग्रपंक्तिमा खटिएर सेवा दिइरहेका छन् तर पनि उनीहरू मध्ये धेरैलाई जागिर गुमाउनु परेको छ, तलब कटौती को समस्या बेहोर्नु परेको छ, स्वास्थ्य र अन्य सामाजिक सेवाहरूमा पहुँचको अभाव भएको छ । अनि जबरजस्ती फिर्ताको कारणले कडा चोट बेहोरिरहेका छन् ।'

त्यसैगरी माल्टाका प्रधानमन्त्री रोबर्ट अबेलाले द्वन्द्व र यसको बालबालिका माथि पर्ने असरलाई विशेषरूपले उठाएका छन् । 'द्वन्द्वले धेरै मानिसहरूको जीवनलाई असर गर्छ जसका कारण हामी हजारौं बच्चाहरूलाई असफलता को बाटोमा डोराइरहेका छौं । हामी उनीहरूलाई हिंसा, क्रूरता, हानीबाट, र उनीहरुको पूर्ण क्षमता साकार पार्नबाट जोगाउन असफल भएका छौं । हामी उनीहरूको बच्चा हुने अधिकारको समेत रक्षा गर्न असफल भएका छौं ।' जर्जियाका प्रधानमन्त्री इराक्ली गरिबाशभिल्ली विश्वभरमा प्रजातन्त्र संकटमा पर्दै गएको विषयलाई उठाएका छन् । उनी भन्छन्, 'अन्तिम पटक जब हामी यहाँ संयुक्त राष्ट्र संघमा प्रत्यक्ष भेटेका थियौं, संसारभरिका प्रजातन्त्रहरू दबाबमा परेको अनुभूत गरेका थियौं र आज पनि तर्कहीन र अँध्यारो शक्तिहरू त्यस्मै व्यस्त छन् ।'

लक्जेबर्गका प्रधानमन्त्री जेभियर बेटेलको भने अलिक फरक टिप्पणी छ । उनका अनुसार यदि हामीसँग आशा र विश्वास छैन भने जनताले हरेक कुरामाथि विश्वास गर्न छोड्नेछन् । त्यसैगरी बेलिजका प्रधानमन्त्री जाँन ब्रेसिनोले भने अझ कडा टिप्पणी गर्दै भन्नुभएको छ । 'हामी सेप्टेम्बर २०२२ मा थप निष्क्रिय हुँदै अर्को वर्ष अरू शोक व्यक्त गर्न यस ठूलो हल मा नफर्कौं । एकपक्षीयता, राष्ट्रवाद, र असफल सामूहिक कारबाहीको विरोध गर्न यस हलमा कदापि नफर्कौं ।'

# बेलायतमा पेट्रोलको हाहाकार !




**सनिषा श्रेष्ठ/मध्यान्ह**
लण्डन, २५ सेप्टेम्बर

संयुक्त अधिराज्य बेलायतमा पेट्रोलियम पदार्थको अभाव देखिएको छ । बजारमा पेट्रोल पम्प प्रायः बन्द गरिएका छन् । आफ्ना सवारी साधनहरुमा पेट्रोलियम पदार्थ भर्नका लागि मानिसहरु यंत्रतत्र भौंतारिइरहेका छन् ।

यहाँ पेट्रोल नभएर पेट्रोल अभाव भएको भने होइन । पेट्रोलियम पदार्थ ढुवानी गर्ने चालकहरुको अभावका कारण पेट्रोल पम्पहरुमा पेट्रोलियम पदार्थहरुको अभाव भएको बताइएको छ । सरकारले पेट्रोलियम पदार्थ ढुवानी गर्न आउट सोर्सिङ क्षेत्रबाट चालकहरु लिने गर्दछ । तीनै चालकहरुको अभावका कारण बजारका बीपी र टेस्कोस्थित पेट्रोलपम्पहरुमा पेट्रोलियम पदार्थहरुको अभाव देखिएको हो ।

पेट्रोलियम पदार्थ अभावले गर्दा यहाँको ब्यापार व्यवसायसमेत प्रभावित भएको छ । यसको असर यहाँस्थित नेपाली समुदायका व्यवसायीहरुमा पनि परेको नेपाली व्यवसायीहरुले बताएका छन् । बेलायतमा देखिएको पेट्रोलियम पदार्थहरुको अभाव हटाउन सरकार लागिपरेको सरकारी अधिकारीहरुले बताएका छन् ।


## स्कुल बस खरिद सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७८/०६/१०**

यस **श्री शिव माध्यामिक विद्यालय** धुलियाविट वीरेन्द्रनगर-११, सुर्खेतका लागि आवश्यक पर्ने एक (१) थान स्कुल बस भन्सार छुटमा खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १क (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन २०६३) को नियम ३१ख बमोजिम क्याटलग सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकाले घटीघटाउमा दरभाउपत्र सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र विद्यालयमा पेश गर्न इच्छुक उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेतालाई आवश्यक कागजातसहित पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै विस्तृत सूचना तथा अन्य जानकारीका लागि विद्यालयमा वा फोन नं. **०८३-४११०१७/९८५८०४९५१२** मा सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

**श्री शिव माध्यामिक विद्यालय धुलियाविट**
**वीरेन्द्रनगर-११, सुर्खेत**


# मोदीद्वारा बाइडेनलाई भारत भ्रमणको निम्तो



**काठमाडौं/एजेन्सी–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकाका राष्ट्रपति जो बाइडेनलाई भारत भ्रमणका लागि निमन्त्रणा गरेका छन् । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसमा भएको भेटवार्ताका क्रममा प्रधानमन्त्री मोदीले बाइडेनलाई निमन्त्रणा गरेका हुन् । गत जनवरी २० मा राष्ट्रपतिको पद सम्हालेपछि उनीहरुका बीचमा पहिलो पटक भौतिकरुपमा भेटवार्ता भएको जनाइएको छ ।

संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन अमेरिका आएका बेला उहाँहरुका बीचमा भेटवार्ता भएको हो । प्रधानमन्त्री मोदीको प्रस्तावलाई राष्ट्रपति बाइडेनले सकारात्मकरुपमा लिएको भारतको विदेश मामिला मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । उनीहरुका बीचमा पूर्वनिर्धारित तालिकाअनुसार नै भेटवार्ता भएको र भेटवार्ता उपलब्धीमुलक भएको मन्त्रालयले जनाएको छ ।

'प्रधानमन्त्री मोदीले राष्ट्रपति बाइडेनलाई भारत भ्रमणको निमन्त्रणा दिनुभएको छ, त्यसलाई राष्ट्रपति बाइडेनले सकारात्मकरुपमा लिंदै धन्यवाद दिनुभएको छ,' वक्तव्यमा लेखिएको छ । भारतीय विदेश सचिव हर्षवर्धन श्रीङ्गलाले भेटवार्तामा उनीहरुले साझा चासो, दुई पक्षीय हित, आपसी सहकार्य तथा सम्वन्धलाई अझ बलियो बनाउनेलगायतका विषयमा कुराकानी गर्ने भएको जानकारी दिए ।

प्रधानमन्त्री मोदी र राष्ट्रपति बाइडेनबीच कट्टरपन्थीलाई रोक्ने र आतङ्कवादसँग लड्ने उपायबारे छलफल भएको जनाइएको छ । उनीहरुबीच रक्षा, व्यापारिक सम्बन्ध, सुरक्षा सहयोग र स्वच्छ ऊर्जा साझेदारीलाई थप गर्ने बारे मा पनि छलफल भएको उनले बताए । प्रधानमन्त्री मोदी र बाइडेनबीच अफगानिस्तानको हालको घटनाक्रमपछिको वर्तमान र क्षेत्रीय सुरक्षा स्थिति बारे पनि छलफल भएको बताइएको छ ।

बुधवार अमेरिका आएका मोदीले क्वाड शिखर सम्मेलनमा भाग लिने र संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गने कार्यक्रम रहेको छ । उनले न्यूयोर्कमा हुने संयुक्त राष्ट्रसंघको ७६औं महासभालाई शनिबार सम्वोधन गर्ने भ्रमण तालिका पनि रहेको छ ।

तीन दिने अमेरिका भ्रमणका क्रममा उनले अन्य देशका शिर्ष नेतासँग पनि भेटवार्ता गर्ने विदेश मन्त्रालयले जनाएको छ । प्रधानमन्त्री मोदीले सेप्टेम्बर २२-२५को अमेरिका भ्रमणको क्रममा व्यापारिक अन्तरक्रिया पनि गर्ने अधिकारीले जनाएका छन् ।


## नाम परिवर्तन सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०७८/०६/१०

यस कम्पनीको मिति २०७८।०४।२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ओ.भि.टि. नेपाल प्रा.लि.** मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **द हिमालयन गियर्स प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/०५/०३ गतेको निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी **द हिमालयन गियर्स प्रा.लि. (प्रा.लि.नं.१८३६१४/०७४/०७५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति २०७८/०६/१०

यस कम्पनीको मिति २०७८/०४/३२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस एण्ड ए ब्रदर्श कम्पनी प्रा.लि.** मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **नेपाल प्रेश टि.भि.प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/०५/०३ गतेको निर्णयअनुसार कम्पनीको नाम परिवर्तन गरी नाम **नेपाल प्रेश टि.भि.प्रा.लि.(प्रा.लि.नं.२२२२०९/०७६/०७७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०५/३१ को निर्णयानुसार यस गोल्डेन फुड क्याफे प्रा.लि. कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **स्मार्क क्याफे प्रा.लि.** **(Smark Cafe Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**स्मार्क क्याफे प्रा. लि.**
**(Smark Cafe Pvt. Ltd.)**
(प्रा.लि.नं.: २०७६८२/०७५/०७६)
का.जि.का.म.न.पा. वडा नं. ३

## सूचना ! सूचना ! सूचना !

**प्रकाशित मितिः २०७८/०६/१०**

यस **स्कट एण्ड स्कट्स नेपाल प्रा.लि.** को सञ्चालक समितिमा रहेका केही सञ्चालक/शेयरधनीहरुले यस कम्पनी छाड्ने र नयाँ संचालक/शेयरधनीहरुले यस स्कट एण्ड स्कट्स नेपाल प्रा.लि.मा आवद्ध हुनुभएकाले यो सूचना जारी गरिएको छ । यस कम्पनी सगँ कुनै व्यक्ति, कम्पनी वा संघ संस्थाले कुनै पनि सम्झैता। कारोबार वा रकम लेन देन बाँकी बक्यौता नरहेको हुँदा यदि कोही सञ्चालकले व्यक्तिगत तवरबाट संचालक समितिको निर्णय बिना यस स्कट एण्ड स्कट्स नेपाल प्रा.लि. मार्फत कुनै सम्झैता, कारोबार वा रकम लेना देना गरेको भएमा सोही व्यक्ति जिम्मेवार रहने छ । उक्त कुराको जानकारी सबै सञ्चालक/शेयरधनीहरुलाई रहोस भन्ने हेतुले यो सूचना जारी भएको मितिबाट १५ दिन भित्र यस कम्पनीको कार्यालयमा जानकारी गराई दिनुहुन व्यक्ति, कम्पनी वा संघ संस्थाहरु लगाएत सम्बन्धि सबैमा सुचित गरिन्छ । यस कम्पनीका सञ्चालक/शेयरधनीहरु माथि जानकारी गराउन नमिल्ने र गरेमा यसै सूचनाले बदर गरी कानुन बमोजिम हुने व्यहोरा समेत यहि सूचना मार्फत सुचित गरिन्छ ।

स्थायी लेखा नं.(PAN): ३००१५४९०६
**स्टक एण्ड स्कट्स (नेपाल) प्रा.लि.**
ईश्वरपुर-४, बयलबास, सर्लाही, नेपाल


# अफगानिस्तानलाई सहयोग गर्न राष्ट्रसंघसँग पाकिस्तानको माग



**काठमाडौं/एजेन्सी–** अफगानिस्तानलाई सहयोग गर्नेगरी संयुक्त राष्ट्रसंघले सबैलाई परिचालन गर्न पाकिस्तानले माग गरेको छ । राष्ट्रसंघको ७६औं महासभालाई सम्वोधन गर्दै पाकिस्तानका प्रधानमन्त्री इमरान खानले शनिबार यस्तो माग गरेका हुन् ।

अफगानिस्तनमा तालिवान विद्रोहीले सत्ता कब्जा गरेर सरकार बनाएपछि विभिन्न संकट उत्पन्न भएपनि धेरै देशले सहयोग नगरेकाले राष्ट्रसंघले सवैलाई परिचालन गर्नुपर्नेमा खानले जोड दिएका थिए । प्रधानमन्त्री खानले विषेशगरी आर्थिक सहयोग अफगानिस्तानका लागि अत्यावश्यक भइसकेकाले राष्ट्रसंघले अन्तरराष्ट्रिय समुदायलाई परिचालन गर्नुपर्ने धारणा राखेका थिए । 'अफगानिस्तानलाई सहयोग गर्न विश्वसँग समय छैन, धेरै ढिला भइसकेको छ, त्यहाँ गम्भीर सङ्कट उत्पन्न भएको छ, म सबैको ध्यानाकर्षण गराउन चाहन्छु,' प्रधानमन्त्री खानले भने । मानवीय सहायत उपलब्ध गराउन अझै ढिला गरेमा विश्वलाई नै लज्जित गराउने गरी नराम्रो क्षती हुने चेतावनीसमेत उनले दिए ।

उनको सम्वोधनपछि पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयद्धारा जारी वक्तव्यमा अफगानिस्तान र अफगानी जनताका बारेमा बेवास्ता गर्न नहुनेमा खानले जोड दिएको उल्लेख गरिएको छ । 'हामीले उनीहरुलाई सहयोग गर्न हेलचक्रयाई गर्यौं भने अहिले नै आधा मानिस गरिवीको रेखा मुनी छन, अर्को बर्षसम्ममा ९० प्रतिशत मानिस गरिव हुन्छन्,' प्रधानमन्त्री खानले भनेका छन् ।

अहिले पनि भोकमरी शुरु भइरहेको र तत्काल सहयोग नगरेमा भोकमरीको महामारी नै चल्ने भन्दै उनले चिन्ता व्यक्त गरेका छन् । अफगानिस्तानको डरलाग्दो र दयालाग्दो अवस्थाका बारेमा छिमेकी र विश्व समुदायले कुनै चासो नदिएकोमो आफुलाई दुखित र अचम्मित बनाएको उनको भनाइ छ । अफगानिस्तानमा उत्पन्न संकट छिमेकी देशका रुपमा पाकिस्तानको चासो र चिन्ताको मात्रै नभइ विश्वकै चासो र चिन्ताको विषय भएको भन्दै उनले सबैको ध्यानाकर्षण गराएका छन् । 'सैन्य शक्तिमार्फत समस्याको समाधान गर्न खोजियो, त्यो गलत थियो र असफल पनि भयो, अव पनि त्यस्तो गल्ती नहोस्, शान्तिपूर्णरुपमा समस्याको समाधान खोजौं, संकट निवारण गरौं, अत्यावश्यक सहयोग उपलब्ध गराउन ढिला नगरौं,' उनले भने ।


## Cyprus मा रोजगारको अवसर

१. कम्पनीः **EFTHIVOULOS GREGORIOU., Cyprus** — पून:विज्ञापन

पूर्व स्वीकृती मिति २०७६।११।०६ | चलानी नं. ६०१५१९५६ | LT.No. 233020

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 01 | काममा दक्ष | 310 | ४३,५५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कुल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता मिति २०७८ असोज १७ गते (3 October 2021) मेनपावर कार्यालय गौशलामा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिका रोजगार विभाग बुद्धनगर, काठमाण्डौंमा सम्पर्क राख्नु होला ।

Gov. Lic. No. 1111/073/74
**Shalma H. R. Overseas Pvt. Ltd.**
Gaushala, KTM. Phone:- 4479525, 4479526, Email:- info@shalmahr.com

## कतारमा रोजगार | कम्पनीः SIDRA AGRICULTURE COMPANY

शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०५/३१ | चलानी नं.: ६०१६३१३१ | LT. No.: 245888 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 70 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज १७ र १८ गते (3 & 4 Oct. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

इजाजत पत्र नं. १३९७/०७४/०७५
**Target H.R. Solution Pvt. Ltd.**
Sinamangal-09, Kathmandu, Tel : 01-4116605 | P.O. Box: 3040
E-mail: targethrs2018@gmail.com | Web: Www.targethrs.com

## SAUDI मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : **AL RUSHAID CONSTRUCTION CO. LTD** — शहर : **AL KHOBAR**

पूर्व स्वीकृत मितिः २०७८/०३/२१ | चलानी नं.: ६०१५९७५० | LT. No.: 241874 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Workers | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Bus Driver | 10 | 0 | | 1800 | ५६,४४८ | | | | | | | |
| 3. | Driver Of All Road Mechanisms | 10 | 0 | | 2500 | ७८,४०० | | | | | | | |
| 4. | Metal Casting Agent | 10 | 0 | | 1500 | ४७,०४० | | | | | | | |

२. कम्पनी : **SAUDI MANPOWER SOLUTIONS CO** — शहर : **RIYADH**

पूर्व स्वीकृत मितिः २०७८/०५/२४ | चलानी नं.: ६०१६२६६३ | LT. No.: 245180 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 32 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ असोज १७ गते (3 Oct. 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

# बक्स अफिस समाचार

रमेश दाहाल नेपाली आधुनिक गीत लेखनमा लोकप्रिय गीतकार हुन् । दहालले नयाँ तथा अग्रज पुस्ताका गायक तथा संगीतकारसँग सहकार्य गर्दै तीन सय अधिक गीतहरु रेकर्ड गरिसकेका छन् । २०५२ सालदेखि गीत लेख्न थालेका दहालका दुई वटा गीत संग्रह प्रकाशित छन् । ख्यातीप्राप्त गायक गायिकाहरुका तीन दर्जनजति सांगीतिक एल्बममा दहालका गीत समावेश छन् । दहाल मनोरञ्जनका साथै सामाजिक उत्तरदायित्व वोध गरेर गीत लेख्छन् । स्रोताको मनमा बस्न सफल उनै गीतकार रमेश दहालसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको संक्षिप्त कुराकानीः

## ‘हाम्रो गीतसंगीत विश्वभर पुग्ने क्रममा छ’



**रमेश दहाल**, चर्चित गीतकार

**तपाईंको दैनिकी के हो ?**
मेरो दैनिकी गीतसंगीतबाट शुरु भएर गीतसंगीतमै टुंगिन्छ। गीत लेखन मेरो पेशा र शौख दुबै हो। त्यसैले म गीत लेख्न र गायक गायिकाहरुसंग सांगीतिक छलफलमा ब्यस्त हुन्छु । म मेरो तेस्रो गीतसंग्रहको प्रकाशनको तयारीमा पनि छु। मेरा पुराना गीत संकलन गरेर एल्वम निकाल्ने काम पनि हुँदैछ ।

**गीत लेखनमा कसरी प्रवेश गर्नुभयो ?**
मेरा स्वर्गीय बुवा गीत गाउनुहुन्थ्यो । उहाँले गाएको देखेर मलाई गीतमा बालापनमै चासो बढ्यो । विद्यालयमा अध्ययन गर्दा म गीत र कविता प्रतियोगीतमा भाग लिन्थे र पुरस्कृत पनि हुन्थें । मेरा साथीहरु मेरा सिर्जना सुन्न मन पराउँथें । मेरा शिक्षकहरु पनि मलाई गीत सुनाउन प्रेरित गर्नुहुन्थ्यो । यसले गर्दा मलाई सानै उमेरमा लेखनमा लत बस्यो । २०५२ सालका म पढ्न काठमाडौं आएँ । त्यसपछि पनि मैले लेख्न छोडिन । मैले गीतसंगीत क्षेत्रका साथीहरु भेट्ने मौका पाएँ । २०५७ सालमा मेरो पहिलो गीत रेकर्ड भयो । यसपछि मैले नियमित लेखिरहेको छु ।

**गीत कसका लागि लेख्नुहुन्छ ? तपाईंका स्रोता को हुन् ?**
हरेक गीतका आ-आफ्नै स्रोता हुन्छन् । कसैलाई आधुनिक गीत मनपर्छ । कसैलाई लोकगीत मनपर्छ । गीतसंगीतका उपविधा छन् । कसैलाई राष्ट्रिय गीत मनपर्छ कसैलाई प्रेमगीत । एउटा व्यवसायिक गीतकारले सबै किसिमका स्रोतालाई गीत लेख्नुपर्छ। त्यसैले म हरेक वर्गका स्रोतालाई गीत लेख्छु ।

**समकालीन गीत लेखनमा तपाईं अरूभन्दा कसरी फरक हुनुहुन्छ ?**
मेरो लेखनको उद्देश्य मनोरन्जन र समाज परिवर्तन हो । म भातृत्व र सशक्तिकरणमा योगदान दिन गीत लेख्छु । म गीत लेख्दा अध्ययन गर्छु । स्रोताको मन र मुटुमा कनेक्ट हुने शव्द लेख्छु। मेरा गीतका जराहरु यही समाजका घटनाहरु हुन्। म नेपाली गीत र साहित्य दुबैको सेवाका लागि गीत लेख्छु । मेरो लेखनको फरकपनका बारेमा भन्नुपर्दा म यही भन्छु ।

**एक सफल गीतकारको हिसावले तपाई कहिले अत्यन्तै खुसी हुनुभयो ?**
गीतकार भएर काम गरेको झण्डै तीन दशक भो । यो अवधिमा म सधै खुसी छु । तर मेरो गीत स्व. राम थापाले आफू स्वगीर्य हुनुभन्दा केहि अगाडि संगीत भरेर रेडियो नेपालमा रेकर्ड गराउनुभयो । त्यो दिन म धेरै खुसी भएको थिएँ । राम थापा नेपाली गीत संगीतको एक शक्तिशाली स्रष्टा हुनुहुन्थ्यो । यस्तो प्रसिद्ध अग्रजले मजस्तो भरखरै लेख्दै गरेको ब्यक्तिको गीतमा संगीत गरी रेकर्ड गराउनु मेरो लागि खुसीको कुरा थियो । यसका साथै, देश-विदेशबाट अग्रज, साहित्यकार, कलाकार र शुभचिन्तकको शुवेक्षाहरु प्राप्त हुँदा खुसी लाग्छ ।




**गीतसंगीतमा तपाईंको योगदान के हो ?**
मैले झण्डै तीन सय गीत रेकर्ड गरिसकें । हजार अधिक गीत लिपिबद्ध छन् । मेरा प्रकाशनले नेपाली आधुनिक गीतको विकासमा थप ईटा थपेको छ। गीतको भण्डारमा दुई वटा किताव उपलब्ध छन् । मेरा गीतमा नयाँ संगीतकर्मी स्थापित भए । नेपाली आधुनिक गीति लेखनमा नयाँ गीतकारहरु आकर्षित छन्। मेरा खोजमुलक लेखले गीतसंगीतको थप अनुशन्धान गर्न सहज भएको छ । यही हौ मैले गरेको योगदान ।

**कस्ता कस्ता गायक–गायिकाहरूसँग सहकार्य भयो ?**
मैले नयाँ तथा पुराना पुस्ताका लोकप्रीय सर्जक कलाकारसँग सहकार्य गरेको छु । मैले प्रायः चर्चाको शिखरमा पुगेका गायक र संगीतकारहरुसंग काम गर्ने मौका पाएँ । मैले स्व. राम थापा, मदनकृष्ण श्रेष्ठ, ओमबिक्रम विष्ट, बबिन प्रधान, यड्रियन प्रधान, बिमला राई, इस्वर अमात्य, रामकृष्ण ढकाल, आनन्द कार्की, कर्णदास, राजु लामा, सुमित खड्का, शिव परियार, स्वरुपराज आचार्य, अबुन पाँण्डे, टीका दहाल, सज्जा चौलागाई, बुद्ध लामा, कालिप्रसाद बास्कोटा, नविन कार्की जस्ता गायक गायिकाहरुसंग काम गरे । नयाँ पुस्ताका गायक कलाकारहरुले पनि मेरा गीत प्रसस्तै गाउँनुभएको छ। कतिपय मेरै गीत गाएर स्थापित समेत हुनुभएको छ।

**कुन कुन सांगीतिक अवार्ड प्राप्त गर्नुभयो ?**
सर्जकलाई अवार्डभन्दा स्रोताको माया महत्वपूर्ण हुन्छ। तैपनि मेरो कामको मुल्याँकन गरी मलाई अवार्ड दिदा थप जिम्मेवारी वोध हुन्छ । मैले २०६६ साल र २०७७ सालमा रेडियो नेपालका उत्कृष्ट गीतकारका दुई वटा अवार्ड पाएँ । मैले आठौ प्रभु पे म्युजिक खबर म्युजिक अवार्ड, सातौं नेशनल क्यापिटल अवार्ड, सगरमाथा म्युजिक अवार्ड, नाट्यश्वर म्युजिक अवार्ड, विष्णुलक्ष्मी तुलसीमाया साहित्यिक पुरस्कार, जिनियस म्युजिक अवार्ड, औद्योगिक नेपाल शान्ति अवार्ड लगायतका अवार्ड तथा पुरस्कारहरु समेत पाएको छु । राष्ट्रिय तथा स्थानीयस्तरका दर्जनौ प्रशंसापत्र समेत पाएको छु ।

**तपाईंका हिट गीतहरू कुन कुन हुन् ?**
यहाँ म मेरा सबै मन पराइएका गीतहरुको लिष्ट बनाउन त सक्दिनँ, तर पनि केही गीतको नाम भन्छु । मेरा हिट गीतहरु मध्ये फेरि तिम्रो समझनाले, किनारामा उभिएर, मायामा कुर्न, खैरो खैरो कपाल, तिम्रो ओठको आकृति, कहिले बन्ला हाम्रो गाउँमा, रानी खोला, पूर्वको बादल, तिमीलाई भेट्दा, मिल्टेरीको जुत्ता, चाहेको जति, हेर्दा हेर्दै, सुन्दर फूल केही हिट गीत हुन् ।

**तपाईंका गीत गाएर अरूहरूले पनि अवार्ड प्राप्त गरेका छन् कि ?**
मेरा गीतमा धेरैले अवार्ड पाएका छन् । शितल मोक्तान र सुवानी मोक्तानले हिट्स ए फएम अवार्ड पाउनुभयो । कमल श्रेष्ठले म्युजिक खवर म्युजिक अवार्ड, विजय थापाले बस्स अफिस म्युजिक अवार्ड, भोला पौडेलले नाट्यश्वर र सातौ नेसलन क्यापिटल अवार्ड पाउनुभयो । दिपक आचार्यले नेशनल पावर म्युजिक अवार्ड पाउनुभयो । साथै, मेरा गीतमा धेरैले आफ्ना उत्कृष्ट कामका लागि नोमिनेशनमा परेका छन् ।

**गीतकारको कुन कुन भूमिकामा ब्यस्त हुनुहुन्छ ?**
म गीतसंगीतको अवार्ड कार्यक्रममा निर्णायकको जिम्मेवारीमा काम गर्छु । मैले विद्यालयहरुमा गीत लेखनको कक्षा पनि लिने गरेको छु । गीतसंगीतका संस्थाहरुले आयोजना गर्ने गतिविधिमा समेत म भाग लिन्छु । मलाई सांगीतिक एल्बम तथा गीतसंग्रह विमोचनमा समेत बोलाइएको हुन्छ ।

**तपाईं गीत संगीतका बारेमा लेख पनि लेख्नुहुन्छ, कस्ता विषयमा केन्द्रित हुन्छन् ती लेखहरू ?**
म गीतसंगीतले कसरी समाज परिवर्तन गर्न सहयोग गर्छ भन्ने विषयमा केन्द्रित भै खोजमुलक लेखहरु लेख्छु । हालसम्म एक दर्जनजती लेखहरु प्रकातिशत छन् ।

**नेपाली गीतसंगीतको भविष्य कस्तो देख्नुहुन्छ ?**
म नेपाली गीतसंगीतको भविष्य राम्रो देख्छु । हाम्रो गीतसंगीतमा विविधता छ। हाम्रो गीत विश्वभरि पुग्ने क्रममा पनि छ । हामीले हिन्दी गीतलाई पुरै विस्तापित गऱ्यौ । हामी विश्वभरि आफ्ना सांगितक प्रस्तुति दिन ब्यस्थ छौ। राम्रा सिर्जना गर्नेहरुले राम्रो आय गरेका छन्। म यो क्षेत्रमा लागेर नाम र दामको हिसावले खुसी छु ।

**एक अग्रजका नाताले आउने पुस्तालाई तपाईंको के सल्लाह छ ?**
सिर्जनामा लाग्नु गौरवको कुरा हो । तर गीत लेखनमा लगातारको अभ्यास जरुरी छ। त्यस्तै धैर्यता पनि आवश्यकता छ। सस्तो लोकप्रीयताका लागि म कसैलाई पनि यो क्षेत्रमा नआउन सल्लाह दिन्छु। म लेखनमा बलियो प्रतिवद्धता लिएर आउन आग्रह गर्छु। गीत लेखन एक बौद्धिक र जिम्मेवारीपूर्ण शौख हो ।

**अन्तमा केही भन्नु छ कि ?**
म सधैं झै नेपाली गीत, कला, सस्कृतिलाई माया गर्न अनुरोध गर्दछु । गीतसंगीतमा आउने अश्लिलतालाई आधुनिकता भनिदैन । यसैले हामी आफू सुहाउदो गीतसंगीत सिर्जना गरौं ।

## सुनिल दोङ लामा र जितु लोप्चनको तामाङसेलो बजारमा

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ९ असोज

सिन्धुपाल्चोके सुनिल दोङ लामा र जितु लोप्चनको स्वरमा रहेको तामाङ सेलो ‘कचिला सुन’ गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। जीवन कुमार सुनुवारको शब्द संगीत तथा भूमिका थामीको उत्पादन रहेको उक्त म्यूजिक भिडियोको हात्तीसारस्थित टेम्पल ट्री रेष्टुरेन्ट एण्ड लञ्च बारमा एक कार्यक्रमको आयोजना गरी प्रिमियर गरिएको हो ।

भीमफेदी गाइजको युट्युव च्यानलबाट सार्वजनिक गरिएको उक्त म्युजिक भिडियो प्रिमियर गरिएको हो । गाउँघरमा बोलिने टिपिकल शब्दले भरिएको निकै सुमुधुर संगीत र शब्द संयोजनले गीतबाट दर्शक तथा स्रोताबाट माया पाउनेमा आफू निकै आशावादी रहेको सर्जक जीवन सुनुवारले बताए ।




क्रियटिभ मोसन पिक्चर्सको पोष्टप्रोडकशन रहेको म्युजिक भिडियो मकवानपुरको भिमफेदी तथा मार्खु आसपासमा छायांकन गरिएको हो । उक्त म्युजिक भिडियोको निर्देशन निर्मल कुमार लामाले गरेका छन् । भिडियोमा भीमफेदी गाइजका कलाकारकाहरुसँग निरन्जली लामा, पुर्णिमा लामा थोकर, मन्जु तामाङ र सब्बु तामाङले अभिनय गरेका छन् ।

हलेसी डिजिटल स्टुडियोमा रेकर्डिङ गरिएको उक्त गीतको एरेन्ज तथा मिक्सिङ आरबी लामा स्याङदानले गरेका छन् भने गीतको रेकर्ड उत्सव लामाले गरेका हुन् ।

## मर्मस्पर्शी दशैं गीत ‘परदेशमा बस्न मन छैन’

**काठमाडौं/मस–** दर्जन चलचित्रमा अभिनय गरिसकेका ब्यस्त नायक दिनेश केसी र आशा केसीको स्वर रहेको दशैंको अवसरमा परदेशमा रहने नेपालीलाई सम्बोधन गरेर दशैं गीत सार्वजनिक भएको छ । ‘परदेश बस्न मन छैन’ बोलको म्युजिक भिडियो युट्युबमार्फत सार्वजनिक गरिएको हो ।



अमृत भारतीको शब्द, राजकुमार नेपालीको संगीत रहेको गीतको भिडियोमा विशेषतः चाडपर्वका बेला परदेशमा रहँदा आफ्नो गाउँघर र परिवारको सम्झनालाई मर्मस्पर्शी ढंगबाट भिडियोमा उतार्ने प्रयास गरेको भिडियोका निर्देशक चेतनाथ दंगालले बताए । गीतको भिडियोमा नायक दिनेश केसी, नायिका उषा खनाल, सरिता राजउपाध्याय, पुर्षोत्तम दंगाल लगायतका कलाकारले जिवन्त अभिनय गरेका छन् ।

गीतको भिडियोलाई मदन कास्यप घिमिरेले खिचेका हुन् भने सम्पादन लिगेश भट्टराईले गरेका हुन् । ‘परदेशमा रहने नेपालीले दशैं, तिहारमा घरपरिवारलाई कसरी सम्झिन्छन्, गीतमार्फत मैले त्यही भाव प्रस्तुत गर्ने जमर्को गरेको हुँ, आशा छ गीतले दर्शक, स्रोताको मन छुनेछ,’ गायक केसीले भने ।

# काठमाडौंको शानदार जित



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ असोज

चौंथो संस्करणको एभरेस्ट प्रिमियर लिग (ईपीएल) को उद्घाटन खेलमा काठमाडौं किंग्स-११ ले शानदार जितका साथ प्रतियोगिताको शुरुआत गरको छ। शनिबार भएको ईपीएलको उद्घाटन खेलमा ललितपुर प्याट्रियोट्सलाई ७ विकेटले हराउँदै काठमाडौंले विजयी शुरुआत गरेको हो।

ललितपुरले दिएको १ सय ५८ रनको लक्ष्य काठमाडौंले १४.२ ओभरमा मात्र ३ विकेट गुमाएर पूरा गरेको थियो। काठमाडौंका लागि रयान बर्ल र रहमानउल्लाह गुर्बाजले उत्कृष्ट ब्याटिङ अर्धशतकी पारी खेलेका थिए। बर्लले ३४ बलमा ७ छक्का र ३ चौकासहित नटआउट ७३ रन जाड्दा गुर्बाजले ३६ बलमा ४ चौका र ४ छक्काको मद्दतमा ५९ रनको योगदान दिएका थिए।

यस्तै, राजु रिजालले अविजित १९, अमित श्रेष्ठले ४ रन बनाउँदा सुवाश खकुरेल शून्य रनमा रनआउट भएका थिए। ललितपुरका पवन सर्राफले १ विकेट लिएका थिए।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको ललितपुर निर्धारित २० ओभर ८ विकेट गुमाएर एक सय ५७ रन बनाएको थियो। ललितपुरका लागि पवन सराफले उत्कृष्ट अर्धशतकीय पारी खेलेका थिए। उनले ४४ बलमा ५ चौका र ४ छक्कासहित सर्वाधिक ६१ रन बनाएका थिए।

यस्तै, योगेन्द्रसिंह कार्कीले ३३, मिक्यो दोर्जीले अविजित १७, शंकर रानाले १४ र नारायण जोशीले १२ रनको योगदान दिएका थिए। बलिङमा जितेन्द्र मुखियाले शानदार बलिङ गरेका थिए। उनले ४ ओभरमा मात्र १४ रन खर्चिएर ४ विकेट लिएका थिए। यस्तै, रयान बर्ल र गुलशन झाले २-२ विकेट लिएका थिए।

यसैगरी शाहिद अफ्रिदी र कप्तान सन्दीप लामिछाने बलिङमा महँगा साबित भए। अफ्रिदीले ४ ओभरमा बिनाविकेट ३२ रन खर्चिए भने सन्दीपले पनि ४ ओभरमा विकेट नलिई ४४ रन दिए।

शनिबारको जितसँगै काठमाडौंले पहिलो खेलमा २ अंक जोडेको छ। कुशल भुर्तेलको कप्तानीमा मैदानमा उत्रिएको ललितपुरले हारबाट प्रतियोगिताको सुरुवात गरेको छ। ज्ञानेन्द्र मल्लले नखेल्ने भएपछि ललितपुरको कप्तानी कुशलले पाएका हुन्। चौंथो संस्करणको प्रतियोगितामा ६ शहरका फ्रेन्चाइज टिमले सहभागिता जनाएका छन्।

जसमा ललितपुर प्याट्रीयट्स, भैरहवा ग्ल्याडियटर्स, काठमाडौं किंग्स-११, पोखरा राइनोज, चितवन टाइगर्स र विराटनगर वारिवर्स रहेका छन्। ईपीएलको विजेताले ५० लाख र उप विजेताले १५ लाख पाउने छन्।

## अफ्रिदी देख्दा दर्शक उत्साहित



काठमाडौं, मस- ललितपुरविरुद्ध जित निकालेपछि काठमाडौं किंग्स इलाभेनका कप्तान सन्दीप लामिछानले टिमले नै राम्रो खेलेको प्रतिक्रिया दिएका छन्। आजको खेलमा ४ ओभर बलिङ गरेका सन्दीपले ४४ रन दिएका थिए। यस विषयमा राखिएको जिज्ञाषामा सन्दीपले आफूले विकेट नलिए पनि सबैको इफोर्टमा जित निकाल्न सकिएको बताए।

उता, ललितपुर प्याट्रियोट्सका कप्तान कुशल भुर्तेलले काठमाडौंविरुद्ध पहिला ब्याटिङ गर्दा स्कोर बोर्डमा २०-२५ रन कम भएको बताएका छन्। काठमाडौंसँग ७ विकेटले पराजित भएको ललितपुरमा भुर्तेलले पहिलो पटक कप्तानी गरेका हुन्। युवा खेलाडी भुर्तेलले शुरुमै विकेट पतन भए पनि पवन शर्राफको खेलले टिमलाई लयमा ल्याए पनि काठमाडौंका खेलाडीले राम्रो खेलेको पनि प्रतिक्रिया दिए।

यस्तै, काठमाडौं किंग्स इलाभेनका खेलाडी रियान बर्लले ललितपुरविरुद्ध आक्रामक ब्याटिङ गरे। ललितनारायण राजबंशीविरुद्ध एकै ओभरमा ४ छक्का र एक चौका प्रहार गरेका बर्लले समर्थकहरुको बीचमा क्रिकेट खेल्न पाउँदा आफू उत्साहित भएको बताएका थिए। खेलपछि आयोजित पत्रकार सम्मेलनमा बर्लले दर्शकहरुले हुटिङले खेलमा झन उत्साह थपिएको प्रतिक्रिया दिएका छन्।

पाकिस्तानी क्रिकेट टिमका पूर्व कप्तान साहिद अफ्रिदी यो सिजनको एभरेष्ट प्रिमियर लिग क्रिकेट ईपीएल खेल्नका लागि काठमाडौं आएका छन्। काठमाडौं किंग्स इलाभेनमा आवद्ध अफ्रिदी २ खेलका लागि यहाँ आएका हुन्। ललितपुरविरुद्ध शनिबार उद्घाटन खेलमा ४ ओभर बलिङ गरेका अफ्रिदीले विकेट लिन नसके पनि एउटा क्याच उत्कृष्ट गरे। उनको बलिङका बेला दर्शकहरुले पनि निकै नै क्रिकेटको मज्जा लिएका थिए। ललितपुरविरुद्ध सहज ७ विकेटले टिम विजयी भएपछि उनी ब्याटिङका लागि भने मैदान उत्रनु परेन। जव खेल सकियो उनले समर्थकहरुलाई अभिवादन गरेका थिए। कीर्तिपुर मैदानका अफ्रिदीलाई देख्दा दर्शक उत्साहित भएका थिए।

# एथलेटिक्स प्रशिक्षक प्रशिक्षण शुरु



**काठमाडौं, मस-** प्रदेश खेलकुद विकास परिषद बागमती प्रदेशले राष्ट्रिय स्तरको एथलेटिक्स प्रशिक्षक प्रशिक्षण कार्यक्रमको शुरु गरेको छ।

प्रशिक्षणका सबै कार्यक्रमहरु दसरथ रंगशालाको ट्र्याकमा प्रयोगात्मक र एन्फाको मिडिया सेन्टरमा शैद्वान्तिक कक्षाहरु संचालन हुने बताइएको छ। प्रदेश खेलकुद विकास परिषदका सदस्यसचिव सुर्यलाल भण्डारीको अध्यक्षतामा सञ्चालन भएको उद्घाटन समारोहमा किर्तिमानी धावक बैकुण्ठ मानन्धरको प्रमुख अतिथित्यता रहेको थियो।

बागमती प्रदेशले आयोजना गरेको एक हप्ते प्रशिक्षक प्रशिक्षण कार्यक्रममा प्रदेशका १३ वटै जिल्लाबाट ३२ जनाको सहभागीता रहेका रहेको परिषदले बताएको छ।

एथलेटिक्स संघका प्रमुख प्रशिक्षक चन्द्र गुरुङको नेतृत्वमा बरिस्ठ प्रशिक्षकहरु कान्ति महतो र धनिराम चौधरीले सहभागीहरुलाइ प्रशिक्षण दिने छन्। प्रशिक्षण कार्यक्रममा नेपाल ओलम्पिक कमिटीको सहकार्यमा एण्टि डोपिङको समेत कक्षा संचालन परिषदले जानकारी दिएको छ।

शनिबार कार्यक्रमको उद्घाटन समारोहमा बोल्दै प्रमुख अतिथि समेत रहेका नेपाली एथलेटिक्स इतिहासका कीर्तिमानि बैकुण्ठ मानन्धरले बागमती प्रदेश खेलकुद बिकास परिषदको खुलेर प्रशंसा गरेका थिए। राष्ट्रिय खेलकुद परिषद र अन्य प्रदेश पनि सुस्ताएको बेला बागमती प्रदेशले गरेका कार्यक्रम र सक्रियताले खेलकुदमा नयाँ आशाको किरण सिर्जना गरेको उनले बताए।

साथै कार्यक्रमका अध्यक्ष सुर्यलाल भण्डारीले प्रशिक्षकको समयानुकूल क्षमता विकास गर्न र सबै जिल्लामा खेलकुदको समानुपातिक विकास गर्नको लागि उक्त प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको बताए। उनले यस्तो कार्यक्रमले ग्रासरुट लेभलमा खेलाडी उत्पादन गर्न र प्रशिक्षणलाई गाउँगाउँमा सञ्चालन गर्न मद्दत पुग्ने बताए।

बागमती प्रदेशले यसै महिनामा एथलेटिक्स सहित अन्य तीन खेलको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने बताएको छ।

# राष्ट्रिय केन्पो खुकुरी मार्सल आर्ट्सको उपाधि बागमतीलाई



**काठमाडौं, मस-** बागमती प्रदेशले प्रथम राष्ट्रिय केन्पो खुकुरी मार्सल आर्ट्स च्याम्पियनसिपको उपाधि जितेको छ। ७ स्वर्णसहित बागमती समग्रमा टिम च्याम्पियन बन्न सफल भएको हो।

नेपाल केन्पो खुकुरी मार्सल आर्ट्स संघद्वारा आयोजित प्रतियोगितामा ६ स्वर्णसाथ सुदूरपश्चिम प्रदेश दोश्रो भएको छ। तेश्रो स्थानको कर्णाली प्रदेशले ३ स्वर्ण हात पारेको छ भने लुम्बिनी प्रदेश र प्रदेश २ ले समान १-१ स्वर्ण जितेको छ।

प्रतियोगिता अन्तर्गत फुल केन्पोको पुरुष ४५-४९ केजीमा प्रदेश २ का विशाल कुसुवार तथा ५०-५४ केजीमा बागमतीका हिमाल बलले स्वर्ण जितेका छन्।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको प्रतियोगिताको सेमी केन्पोतर्फ महिला ५०-५४ केजीमा कर्णालीकी निरुता कोइराला तथा ५५-५९ केजीमा बागमतीकी शितल बोहरा पहिलो भएका छन्।

समूहगत काताको पुरुषमा सुदूरपश्चिम पहिलो, कर्णाली दोश्रो तथा लुम्बिनी र प्रदेश २ तेश्रो भएका छन। सोही स्पर्धाको महिलामा बागमतीले स्वर्ण, लुम्बिनीले रजत तथा कर्णाली र प्रदेश २ ले कांस्य हात पारेका छन्।

प्रतियोगिता सञ्चालनका लागि मुख्य जज सन्जितकुमार राईको नेतृत्वमा जज सिद्धार्थ लामा, जज उद्धव थापा मगर, जज रमेश महर्जनलगायत १५ सदस्यीय प्राविधिक टोली परिचालन गरिएको थियो।

# आईपीएलमा दिल्लीको जित



**काठमाडौं, एजेन्सी-** इन्डियन प्रिमियर लिग क्रिकेट आईपीएलमा दिल्ली क्यापिटल्स शीर्ष स्थानमा उक्लिएको छ। शनिबार भएको खेलमा राजस्थान रोयल्समाथि ३३ रनको जित निकाल्दै दिल्ली शीर्ष स्थानमा उक्लिएको हो। दिल्लीले १० खेलबाट १६ अंक जोड्दा दोस्रो स्थानमा रहेको चेन्नाई सुपर किंग्सले ९ खेलबाट १४ अंक जोडेको छ।

दिल्लीले दिएको १५५ रनको लक्ष्य पछ्याएको राजस्थान निर्धारित ओभरमा ६ विकेट गुमाएर १२१ रन मात्रै बनाउन सक्यो। राजस्थानका कप्तान सन्जु सामसनले नटआउट ७० रनको पारि खेले पनि जित भने दिलाउन सकेनन्। मेफिल लोमरोरले दोस्रो धेरै रन बनाउने क्रममा १९ रन जोडे भने अरु खेलाडीले दोहोरो अंकमा रन बनाउन असफल रहे। दिल्लीका एनरिच नोर्टजेले २ विकेट लिए। पहिला ब्याटिङ गर्दा दिल्लीले निर्धारित ओभरमा ६ विकेट गुमाएर १५५ रन बनायो। दिल्लीका लागि श्रीयस अय्यरले सर्वाधिक ४३ रन बनाउँदा कप्तान ऋषभ पन्तले २४ तथा सिमरन हटमायरले २८ रनको योगदान गरे। राजस्थानका मुस्तिफिजुर रहेमान र चेतन साकरियाले समान दुई दुई विकेट लिए।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६६/०१/१६ मा दर्ता भएको **प्रा.लि. नं. ६२३०३** को **विधाता सेक्युरिटी सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६५/०५/०५ मा दर्ता भएको **प्रा.लि. नं. ६४७८०** को **प्रिज्म अटोमोटिभ कन्सर्न प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६६/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. ६४७८२** को **दाउन्ने सेक्युरिटी सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६६/०४/२३ मा दर्ता भएको **प्रा.लि. नं. ६४७८०** को **सत्यावती सेक्युरिटी सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**Suddhodhan Rural Municipality**
**Office of the Rural Municipal Executive**
Labani, Kapilvastu

**Invitation for Bids**

**Date of Publication: 26th of Sep, 2021**

1. Shuddhodhan Rural Municipality invites Online Bids under e -procurement system from eligible Bidders for construction Works under National Competitive Bidding (NCB)
2. Eligible Bidders may obtain further information and inspect the Bid document at PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding Document is available online and can be downloaded from e-gp system www.bolpatra.gov.np/egp Interested Bidder should deposit the cost of Bidding Document as mentioned below in the following specified Bank.
   A. **Name of the Bank** : Prime Bank Ltd.
   B. **Name of the office** : Shuddhodhan Rural Municipality, Labani, Kapilvastu
   C. **Revenue Account No** : 06300257 CA
4. Online Bids shall be opened in the presence of Bidders representatives who chooses to attend on below stated time and date at Shuddhodhan Rural Municipality Office. Bids must be valid for a period of 90 days of Bid opening and must be accompanied by Bid security as specified below which shall be valid for minimum 30 days beyond the Bid validity period. The scanned copy of Bid security should be uploaded in the e-gp system during Bid submission. Information to deposit Bid security amount in Bank.
   **Name of the Bank**: Prime Bank Ltd.
   **Dharauti khata No**: 06300272 CA
   **Note** : Bid security document must be from A class Bank.
5. Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning reason whatsoever.

| S.N. | Contract No./ ID | Description of Work | Estimated amount without VAT and Contingency | Bid Security Amount (NRS.) | Bid Document Fee | Submission Date and Time | Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | 03/SRM/NCB/ TG/078-79 | Supply and Delivery of Scooter for Differently able persons | 10 Pc - Differentiable scooter 1 Pc –Normal Scooter | 55,000.00 | 3,000.00 | 26th Oct-2021, 12:00 PM | 26th Oct-2021, 1:00 PM |
| 2 | 04/SRM/NCB/ CW/078-79 | Construction of Kanya College Building at ward 4 | 9,362,643.99 | 235,000.00 | 3,000.00 | 26th Oct-2021, 12:00 PM | 26th Oct-2021, 1:00 PM |
| 3 | 05/SRM/NCB / WS/078-79 | Supply , Delivery and Installation of Hand pump in Different wards | 8,886,629.33 | 225,000.00 | 3,000.00 | 26th Oct-2021, 12:00 PM | 26th Oct-2021, 1:00 PM |
| 4 | 06/SRM/NCB / RC/078-79 | Continuation for Construction of Road at ward 2 | 3,980,308.00 | 100,000.00 | 3,000.00 | 26th Oct-2021, 12:00 PM | 26th Oct-2021, 1:00 PM |
| 5 | 07/SRM/NCB / CW/078-79 | Construction of Welcome Gate at ward 5 | 715,753.40 | 20,000.00 | 3,000.00 | 26th Oct-2021, 12:00 PM | 26th Oct-2021, 1:00 PM |

**Chief Administrative Officer**

लघुवित वित्तीय संस्थाहरुले ग्रामीण क्षेत्रमा काम गर्दै आएका छन् । विपन्न वर्गको समूहलाई बिना धितो कर्जा प्रवाह गर्दै आएका लघुवित्तहरुको ब्याजदरको विषयमा पटक पटक प्रश्न उठ्दै आएको छ । किन लघुवित्तहरुले ब्याजदर घटाउन सकिरहेका छैनन् ? यस्तै ग्रामीण क्षेत्रमा वित्तीय साक्षरता सम्बन्धमा कस्तो कार्य हुँदै आएको छ ? यिनै विषयमा महुली लघुवित वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत जिडी पाण्डेसँग मध्यान्ह दैनिकका लागि चिरन भट्टराईले गरेको कुराकानी सार:

# 'वित्तीय साक्षरताका लागि लघुवित्तहरुको राम्रो पहुँच छ'



ग्रामीण क्षेत्रमा वित्तीय साक्षरताका लागि हाम्रो पहुँच राम्रो छ । लघुवित वित्तीय संस्थाका शाखाहरु प्राय: सबै स्थानीय तहमा पुगेका छन् । विशेषगरी महिला, विपन्न वर्ग र किसानलाई वित्तीयरुपमा साक्षर र सक्षम बनाउन लघुवित्तहरुको ठूलो भूमिका छ ।

**जि.डी. पाण्डे**
प्रमुख कार्यकारी अधिकृत, महुली लघुवित्त वित्तीय संस्था लिमिटेड

**महुली लघुवित्तको वित्तीय स्थिति कस्तो छ ?**

महुली लघुवित्त वित्तीय संस्था लिमिटेडले २०७७ मंसिर ८ गते नव किरण लघुवित्त वित्तीय संस्थासँग एक अर्कामा गाभिएर एकीकृत कारोबार शुरु गरेको हो । त्यसपछिको वित्तीय स्थिति सुधारात्मक छ । राष्ट्रिय स्तरको संस्था भएसँगै गत आर्थिक वर्षको अन्त्यमा करिब ९ करोड ८० लाख रुपैयाँ मुनाफा आर्जन गर्न सफल भयो । जुन अघिल्लो आर्थिक वर्षको तुलनामा निकै राम्रो हो । लगानी पनि अघिल्लो वर्षको तुलनामा १ अर्बभन्दा धेरैले वृद्धि भएको छ । पूँजी कोष पनि पर्याप्त रहेकोले हामी 'कम्फरटेबल जोन'मा छौं । सबै सूचकाङ्कहरु राम्रै छन् ।



हाम्रो धेरै कारोबार गाउँगाउँमा रहेका सदस्यहरुसँग प्रत्यक्ष भेटेर हुने भएकोले प्रत्यक्ष घेटघाट नभएको अवस्थामा समस्या त हुनै नै भयो । दोस्रो सेवाग्राहीहरुबाट जोडबलपूर्वक असुलउपर गर्ने कुरा भएन । त्यसले गर्दा केन्द्रीय बैंकले किस्ता उठाउन समय दिएको अवस्थामा पनि हामीले उठाउन सकेका छैनौं । त्यसले केही गाह्रो पारेको छ ।

**राष्ट्रिय स्तरको बनेसंगै महुली लघुवित्तले व्यवसाय विस्तारमा के कस्ता कार्यक्रमहरू अगाडि ल्याएको छ ?**

मर्जर हुनु अघि १५ जिल्ला कार्यक्षेत्र थियो । मर्जर पछि राष्ट्रिय स्तरको भयौं । त्यसपछि यसले शाखा विस्तार गर्दै लगेको छ । अहिले भर्खरै पनि विभिन्न जिल्लामा ११ वटा शाखा थप गरिएको छ, अरु केही शाखा थपिने क्रममा छन् । केही समयमै सात वटै प्रदेशमा हाम्रा शाखाहरु हुनेछन् ।

शाखा विस्तारसँगै खराब कर्जा न्यूनीकरणका लागि पनि विभिन्न प्रयास गरिरहेका छौं । त्यसैले हाम्रो वृद्धि, विस्तार र आर्थिक अनुशासनको पाटो राम्रो छ ।

**कोभिड–१९ को असर कस्तो रहयो ?**

कोभिडको कारणले हाम्रो योजनाहरु प्रभावित भए । राष्ट्र बैंकले कर्जाको म्याद थप्ने अवसर दिँदा पनि हाम्रा ग्राहक सदस्यहरुलाई अत्याधिक असर परेकोले समस्या भइराखेको छ । कुनैपनि लघुवित्तले जवरजस्ती कर्जा असुली गर्न मिल्दैन । त्यसैले अझैपनि हाम्रो अप्ठेरो केन्द्रीय बैंकले नबुझेको हो की भन्ने लागिरहेको छ ।

**तपाईले कोरोनाको असर परेको छ भन्नुभयो तर सबै बैंक तथा वित्तीय संस्थाहरू उच्च मुनाफामा देखिन्छन् नी ?**

लघुवित्त संस्थाहरुको पूँजीकोष सानो छ । तुलनात्मकरुपमा कम पूँजी भएकाले नाफा बढी देखिएको हो । त्यसमाथि ग्रामीण भेगमा बिनाधितो लगानी हुने भएकाले जोखिम धेरै छ । कोभिडले हाम्रा सेवाग्राही सदस्यहरु सबैभन्दा बढी प्रभावित भए । लकडाउन र निषेधाज्ञाका कारण हामी पनि लामो समयसम्म सेवाग्राहीसँग सम्पर्कमा भएनौं ।

हाम्रो धेरै कारोबार गाउँगाउँमा रहेका सदस्यहरुसँग प्रत्यक्ष भेटेर हुने भएकोले प्रत्यक्ष घेटघाट नभएको अवस्थामा समस्या त हुनै नै भयो । दोस्रो सेवाग्राहीहरुबाट जोडबलपूर्वक असुलउपर गर्ने कुरा भएन । त्यसले गर्दा केन्द्रीय बैंकले किस्ता उठाउन समय दिएको अवस्थामा पनि हामीले उठाउन सकेका छैनौं । त्यसले केही गाह्रो पारेको छ ।

वित्तीय विवरण हेर्दा सबै लघुवित्तहरुमा तुलनात्मक रुपमा जोखिम कम देखिन्छ । नाफा पनि नियमित भइराखेको देखिन्छ । गत आर्थिक वर्षको पुसभन्दा अगाडि लकडाउनको असर धेरै पर्‍यो । पुस पछि अर्थात तेस्रो त्रैमासमा बजार पूर्णरुपमा खुल्यो, कर्जाको माग अत्याधिक बढ्यो र ब्याजदर न्यून भयो । राष्ट्र बैंकले पनि केही सुविधा दिएकोले हामीले आधार दरभन्दा तल गएर केही संस्थाहरुसँग पैसा लियौं । त्यो पैसाको कारणले गर्दा हाम्रो वित्तीय स्थिति तुलनात्मक रुपमा राम्रो देखियो ।

**लघुवित्तहरूको ब्याजदर बैंककोभन्दा झण्डै दोब्बर छ । महँगो ब्याजदरका कारण सेवाग्राहीले अपेक्षित लाभ लिन सकेका छैनन् भन्ने कुरा त मान्नुहुन्छ नी ?**

सम्भवत: एशियामै हाम्रा लघुवित्तहरुको ब्याजदर सबैभन्दा कम छ । अहिलेको समयमा १५ प्रतिशत अधिकतम सिमामा रहेर हामीले बिना धितो समूहको ग्यारेन्टीमा लगानी गरेका छौं । जबकी श्रीलंकामा लघुवित्तहरुले ३५ देखि ४५ प्रतिश सम्म ब्याज लिन पाउँछन् । घरजग्गा धितो राखेर बैंकबाट कर्जा लिने र हामीले दिने प्रक्रिया नितान्त फरक छ ।

अब ग्रामीण भेगका किसान, महिलाहरुलाई हामीले लिने ब्याजमा कर्जा लिएर काम गर्दा फाइदा पुग्छ की पुग्दैन भन्ने महत्वपूर्ण हो । कतिपय गाउँमा साहु महाजन र जमिनदारहरुबाट तमसुक गरेर सयकडा दुई,तीनसम्म अर्थात २४ देखि ३६ प्रतिशतसम्म ऋण लिनु सामान्य थियो । तराईका थुप्रै जिल्लामा ६० प्रतिशतसम्म ब्याज असुल्ने गरेको हामीले सुन्दै आएका छौं । लघुवित्तकै करणले साहु महाजनबाट महँगो ब्याजमा ऋण लिनुपर्ने स्थितिको अन्त्य भएको छ । यो लघुवित्तको कारणले मात्रै सम्भव भएको हो ।

अहिले मानिसहरु आफैपनि चनाखो भइसकेकी साहु महाजनभन्दा लघुवित्तहरुबाटै कर्जा माग गरेका हुन्छन् । यो निकै ठूलो सफलता हो ।

**नेपालमा लघुवित्त वित्तीय संस्थाहरूबाट सेवा लिनेहरूको संख्या कति छ ?**

अहिले करिबकरिब लघुवित्त क्षेत्रमा ५१ लाख सदस्यहरु छन् । जसमध्ये हाम्रो ऋणी सदस्य ६० प्रतिशत छ । ३० देखि ३५ लाखले कर्जा लिएका छन् । जबकी वाणिज्य बैंकहरुबाट जम्मा ८ प्रतिशतले मात्रै कर्जा लिएका छन् ।

त्यो हिसाबले राम्रो काम गर्न कर्जा लिन हिचकिचाउन हुँदैन, कर्जाको राम्रो सदुपयोग भयो भने अलिकति महङगो भए पनि ऋणीको वित्तीय अवस्था सुधार गर्छ भन्ने चेतना फैलाउन लघुवित्तहरु सफल भएका छन् । लघुवित्तहरुले अझ महिला दिदीबहिनीहरुलाई वित्तीयरुपमा सक्षम बनाउने काम गरिरहेका छन् । ऋण लिने र त्यसलाई नियमित रुपमा तिर्नुपर्छ भन्ने कुरामा वाणिज्य बैंकका ऋणीभन्दा लघुवित्तका ऋणीहरु इमान्दार छन् । त्यसैले गाउँगाउँमा पुगेर महिला दिदीबहिनीहरुलाई वित्तीयरुपमा सक्षम बनाउने काममा लघुवित्तहरु सफल भएका छन् ।

**दुर्गम क्षेत्रमा वित्तीय जागरण फैलाउन लघुवित्तहरूले के कस्ता कार्यक्रमहरू गरिरहेका छन ?**

महुली लघुवित्त एनजिओबाट प्रर्वद्धित हुँदै आजसम्म आइपुग्दा नवौं वर्षमा प्रवेश गरेको छं । यो अवस्थामा पुग्दा हामीले वित्तीय साक्षरता सम्बन्धमा निकै विकट क्षेत्रमा पुगेर काम गरेका छौं । दुई दिन हिंडेर पुग्ने ठाउँमा पनि वित्तीय सेवा दिइरहेका छौं । त्यसैले ग्रामीण क्षेत्रमा वित्तीय साक्षरताका लागि हाम्रो पहुँच छ ।

सबै लघुवित्त वित्तीय संस्थाहरुले यसैगरी काम गरिरहेका छन् । विशेषगरी महिलाहरुलाई वित्तीय रुपमा साक्षर र सक्षम बनाउन सबैभन्दा ठूलो अभियान लघुवित्तहरुले चलाएका छन् । हाम्रो काम पनि त्यही नै हो ।



कतिपय गाउँमा साहु महाजन र जमिनदारहरुबाट तमसुक गरेर सयकडा दुई,तीनसम्म अर्थात २४ देखि ३६ प्रतिशतसम्म ऋण लिनु सामान्य थियो । तराईका थुप्रै जिल्लामा ६० प्रतिशतसम्म ब्याज असुल्ने गरेको हामीले सुन्दै आएका छौं । लघुवित्तकै करणले साहु महाजनबाट महँगो ब्याजमा ऋण लिनुपर्ने स्थितिको अन्त्य भएको छ । यो लघुवित्तको कारणले मात्रै सम्भव भएको हो ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

**खासगरि व्याजदरको विषयमा बैंकहरूसंग लघुवित्तहरूको प्रतिस्पर्धा देखिन्छ । भविश्यमा व्याजदरकै कारण तपाईहरूका सेवाग्राही बैंकहरूतर्फ जाने र तपाईहरूको व्यवसाय चुनौतिपूर्ण हुने संभावना कत्तिको देख्नु भएको छ ?**

हो, हामी हाम्रा सदस्यहरुको आर्थिक उन्नती होस भन्ने नै चाहन्छौं । यस्तो अवस्थामा सदस्यहरु भविश्यमा लघुवित्त छाडेर बैंकतिर जान सक्छन् । हामीले हाम्रा सदस्यहरुलाई वित्तीयरुपमा बलियो बनाउँदै जाने र हाम्रा सेवाको दायरा त्यही रहिराख्यो भने यो स्थिति आउँछ । केन्द्रीय बैंकले गत वर्ष समूहमा आवद्ध नभएका व्यक्तिहरुलाई धितो राखेर एकल कर्जा दिन सकिने व्यवस्था गरेको छ । जसअनुसार पहिलो चरणमा ७ लाख र दोस्रो चरणमा १५ लाख दिन पाउने गरी सहजता गरिदिएको छ । यस्तो व्यवस्थाहरुले निरन्तरता पायो भने र व्यक्तिगत रुपमा कर्जा दिन पाउने अवस्था भयो भने लघुवित्तहरुलाई छाडेर सेवाग्राही बैंकमा नजालान । अर्कोतर्फ लघुवित्तको ब्याजदर बैंकको भन्दा केही महँगो हुनसक्छ । त्यसैले लघुवित्तहरुले आफूलाई थप प्रतिस्पर्धी र सबल बनाउँदै लैजान जरुरी छ ।

**लघुवित्तहरूको काम सामाजिक व्यवसाय मोडलमा आधारित छ । संस्थाका लगानीकर्ता र सेवाग्राहीहरूको हितलाई एकैसाथ लैजान कत्तिको चुनौतिपूर्ण छ ?**

हामी सोसल बिजनेस मोडल नै हौं । हामी बैंकिङ सहितको सामाजिक बिजनेसमा छौं । अहिले धेरै लघुवित्तहरु सोसल मोडलमा खासै सक्रिय देखिदैनन् । तुलनात्मकरुपमा नदेखिनु स्वभाविक भयो । किनभने हाम्रा लगानीकर्ता हाम्रा सेवाग्राही होइनन् । लगानीकर्ताहरु नाफा केन्द्रीत भए र हामीबाट सेवा लिने सदस्यहरु फेरी उद्यमशिलता मोडलमा छन् । त्यसकारण हाम्रो फोकस हाम्रा सदस्यलाई कसरी फाइदा दिएर बिजनेस गर्ने भन्ने मोडलमा हुन्छ । अर्कोतर्फ लगानीकर्ताको पक्षबाट हेर्‍यौं भने शेयर बजारमा लघुवित्तको शेयरको बजार मूल्य उच्च हुने र वर्षको एकपटक राम्रो लाभांश पनि दिने हुनाले लगानीकर्ताहरु पूर्णरुपमा नाफा केन्द्रीत भएका छन् । साथै सामाजिक व्यवसायसँगसँगै नाफाको मोडलमा जाँदाखेरी हामीलाई केही गाह्रो भएको छ । तर माइक्रो बैंकिङको अवधारणा पनि यही हो । त्यसैले चुनौति धेरै छ । अब यो मोडेललाई सुधार गरेर लैजाने विषयमा सोचेनौं भने भविश्यमा समस्या आउन सक्छ । नियामक निकायले लघुवित्तहरुलाई बैंकिङ व्यवसाय गर्न केही स्वतन्त्रता दिने हो भने हामीलाई चुनौतिसँगै अवसर पनि रहन्छ ।

खोप लगाऔं सुरक्षित रहौं
खोप लगाएपछि पनि,
- मास्कको नियमित प्रयोग गरौं,
- अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
- भीडभाडबाट बचौं,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
- साबुनपानीले हात धाऔं,
- साबुनपानी उपलब्ध नभए, स्यानिटाइजरको प्रयोग गरौं,
- शंका लागे तुरुन्त स्वास्थ्य परीक्षण गराऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रक: रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादक: **मदनकुमार श्रेष्ठ**